# वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका,२०७३

वन तथा भू-संरक्षण मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

# वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३

महत्वपूर्ण प्राकृतिक स्रोतको रुपमा रहेको वन जंगलको प्रभावकारी व्यवस्थापन गरी सर्वसाधारण जनतालाई सरल एवं सुलभ तरिकाले वन पैदावार उपलब्ध गराई सदुपयोग गर्न तथा वन ऐन, २०४९ र वन नियमावली, २०५१ मा उल्लिखित प्रावधानहरुलाई थप स्पष्ट पारी कार्यान्वयनमा एकरुपता ल्याउन वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३ जारी गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "**वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३**" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, चक्ला वन र साझेदारी वनको वन पैदावार सङ्कलन तथा विक्री वितरण प्रयोजनको लागि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामाः-

(क) "**ऐन**" भन्नाले वन ऐन, २०४९ सम्झनु पर्दछ ।

(ख) "**नियमावली**" भन्नाले वन नियमावली, २०५१ सम्झनु पर्दछ ।

(ग) "**समिति**" भन्नाले नेपाल सरकारबाट काठ दाउरा सङ्कलन र विक्री वितरण गर्नको लागि व्यवस्था गरिएको जिल्ला वन पैदावार आपूर्ति समिति, वन पैदावार विकास समिति वा प्राधिकरण समेतलाई जनाउँदछ ।

(घ) "**संस्थान**" भन्नाले नेपाल सरकारको स्वामित्वमा सञ्चालित वन पैदावार उत्पादन, संकलन तथा प्रशोधन एवं विक्री गर्ने कुनै संस्था, उद्योग र टि.सि.एन. समेतलाई जनाउँदछ ।

(ङ) "**अनुसन्धान क्षेत्र**" भन्नाले अध्ययन अनुसन्धान प्रयोजनको लागि वनक्षेत्र भित्र छुट्याईएको कुनै खास क्षेत्रलाई सम्झनु पर्नेछ ।

(च) "**जरा ठुटा**" भन्नाले रुख कटान गरिसकेपछि जमीन सतहदेखि बढीमा १२ इन्चसम्म बाँकी रहेको रुखको भाग र जरासँग जोडिएको जमीन भित्रको काठ र सम्पूर्ण जराहरु समेतलाई जनाउँदछ ।

(छ) "**बल्लाबल्ली**" भन्नाले फेदमा ३ फिटभन्दा कम गोलाई भएको र ६ फिटभन्दा बढी लम्बाई भएको गोलिया काठलाई जनाउँदछ ।

(ज) "**चट्टा**" भन्नाले २० फिट× ५ फिट× ५ फिटको साईजमा मिलाएर राखिएको दाउराको

चाङलाई सम्झनु पर्दछ

(झ) **"प्लट"** भन्नाले वन व्यवस्थापन योजना वा वन कार्ययोजना अनुसार वन पैदावार संकलन गर्नको लागि अस्थायी वा स्थाईरुपमा निर्धारण गरिएको चौहद्दी सहितको कूप, ब्लक क्षेत्र, कुनै विकास निर्माण आयोजना सञ्चालन गर्दा हटाउनुपर्ने रुखहरु भएको क्षेत्र, अधिकार प्राप्त अधिकारीले तोकेको कटानक्षेत्र वा नेपाल सरकारबाट तोकिएको कटानक्षेत्र समेतलाई जनाउँदछ ।

(ञ) **"लट"** भन्नाले लिलाम विक्री गर्ने उद्देश्यले घाटगद्दीमा गोलिया वा चिरान काठलाई एक अर्कोमाथि चाङ मिलाई एक वा बढी ठाउँमा राखिएको निश्चित थान र परिमाण भएको थुप्रो वा दाउराको हकमा एक वा बढी चट्टा मिलाई राखिएको थुप्रो वा अन्य वन पैदावारको हकमा पनि एक निश्चित परिमाणको थुप्रोलाई सम्झनु पर्दछ ।

(ट) **"कटान मुछान"** भन्नाले.वनक्षेत्रमा छपान भै कटान आदेश भएका रुखहरु तोकिएको मापदण्ड अनुसार फेदमा काट्ने, टुन टुक्रा तथा गिण्डा पार्ने, रिङ काट्ने, साल प्रजातिको बोक्रा हटाउने, गाँठागुँठी ताछ्ने, हाँगाबिंगा छिमल्ने र निस्केका काठ दाउरा लगायतका वन पैदावारको परिमाण यकिन गरी घाटगद्दी गर्न लायक बनाउने कार्य समेतको सम्पूर्ण प्रकृयालाई जनाउँदछ ।

(ठ) **"अन्तिम जाँच"** भन्नाले कुनै निकाय वा व्यक्तिले करारनामा अनुसार काम गर्न पाएको प्लटमा कटानमुछान लगायतका सम्पूर्ण कार्य सम्पन्न भएपछि जिल्ला वन कार्यालय र कटान गर्ने व्यक्ति वा निकायले तोकेको प्रतिनिधिको उपस्थितिमा क्षेत्रीय वन निर्देशकले गरेको अन्तिम जाँचलाई जनाउँदछ ।

(ड) **"छपान रुख"** भन्नाले छातीको उचाई (४.५ फिट) मा ५ इन्चभन्दा बढी व्यास भएका छपान टाँचा लागेका कटान गरिने रुखहरुलाई जनाउँदछ ।

(ढ) **"वन पेशी"** भन्नाले तोकिएको प्लटमा वन पैदावार संकलनको लागि तोकिए बमोजिमको अवधि दिई कार्य गर्न दिईएको इजाजत सम्झनु पर्दछ ।

(ण) **"बादकट्टी"** भन्नाले गोलिया काठको नाप पैमाईस गर्दा काठको बाहिरी सतहमा रहेको खराब हिस्सालाई आयतनमा घटाउने कार्यलाई जनाउँदछ ।

(त) **"धोदकट्टी"** भन्नाले गोलिया काठको नाप पैमाईस गर्दा काठको भित्री भागमा रहेको खोक्रो वा धोद्रो भागलाई आयतनमा घटाउने कार्यलाई जनाउँछ ।

(थ) **"दरियाबुर्दी"** भन्नाले राष्ट्रिय वनक्षेत्र भित्रका खोलानालाबाट बगी वनक्षेत्र भित्र वा आवादी तर्फको खोलानालाको किनारा लागेको, अड्केको, डुबेको, टाँचा निशान लागेको वा नलागेको कसैको हक प्रमाण नपुगेको काठ, दाउरा वा अन्य वन पैदावार सम्झनु पर्दछ र सो शब्दले दहत्तर बहत्तर समेतलाई जनाउँदछ ।

(द) **"वेवारिसी वन पैदावार"** भन्नाले कसैको हक प्रमाण नपुगी प्रचलित कानुन बमोजिम नेपाल सरकारको स्वामित्व कायम हुन आएको वरामद वन पैदावारलाई सम्झनु पर्दछ ।

(ध) **"जडीबुटी"** भन्नाले नियमावलीको अनुसूची-३ बमोजिमका वन पैदावारहरुलाई सम्झनु पर्दछ ।

(न) **"अन्य वन पैदावार"** भन्नाले काठ दाउरा, खयर र जडीबुटी बाहेकका नियमावलीको अनुसूची-६ बमोजिमका वन पैदावारहरुलाई सम्झनु पर्दछ ।

(प) **"स्टम्पेज भेल्यु (Stumpage Value)"** भन्नाले कटान क्षेत्रमा रहेका खडा रुखहरुबाट निस्कन सक्ने काठ दाउराको परिमाण अनुमान गरी निकालिएको उक्त रुखहरुको मूल्यलाई सम्झनु पर्दछ ।

(फ) **"बिमार्का"** भन्नाले विक्री गरिएको काठ दाउराको सकारकर्ताले नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाई सकेपछि जिल्ला वन कार्यालयबाट छोडपुर्जी दिनु अगाडि उक्त काठ दाउरामा फलामे टाँचाले लगाएको निस्सा वा चिन्हलाई सम्झनु पर्दछ ।

(ब)**"सिल"** भन्नाले विक्री भै ओसारपसार गर्न ईजाजत प्राप्त वन पैदावार सिलबन्दी गर्ने प्रयोजनको लागि धातुको ढिक्कामा कुँदिएको, वन विभागबाट स्वीकृत संकेत भएको उपकरण सम्झनु पर्दछ र सो शब्दले सिलबन्दीमा प्रयोग हुने लाहाछाप वा धातुछाप समेतलाई जनाउँदछ ।

(भ) **"घाटगद्दी"** भन्नाले काठ, दाउरा वा अन्य वन पैदावारलाई विक्री वितरण वा अन्य तवरले हक हस्तान्तरण नभएसम्म सुरक्षित राख्न जिल्ला वन अधिकृतले तोकेको ठाउँलाई सम्झनु पर्दछ ।

(म) **"पुनर्मूल्याङ्कन समिति"** भन्नाले काठ दाउरा वा अन्य वन पैदावारको पुनर्मूल्याङ्कन गर्नको लागि दफा ५० बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(य) **"जनसहभगिता"** भन्नाले जिल्ला विकास समिति वा गाँउ विकास समिति वा नगरपालिका तथा जनस्तरको सहयोग र सहभागिताबाट संचालन हुने विकास निर्माण कार्यलाई सम्झनुपर्दछ ।

(र) **"बोलपत्र फाराम" भन्नाले** भन्नाले वन पैदावार विक्री प्रयोजनको लागि सम्बन्धित जिल्ला वन कार्यालयको प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको तथा लिलाम विक्रीका शर्तहरु उल्लेख भएको अनुसूची - १८ मा उल्लेख भए बमोजिम ढाँचाको फारामलाई सम्झनुपर्दछ ।

परिच्छेद-२

## छपान, कटान तथा संकलन इजाजत सम्बन्धी व्यवस्था

**३. काठ दाउरा संकलन परिमाण:** (१) सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, साझेदारी वन र चक्ला वनहरुका स्वीकृत व्यवस्थापन कार्ययोजना अनुसारको वार्षिक परिमाणको वन पैदावार संकलन गर्न सकिने छ । तर नेपाल सरकारको निर्णयबाट तोकिएको क्षेत्रमा भएका रुखहरु हटाउँदा बार्षिक संकलन गर्न सकिने परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन ।

(२) साझेदारी वन तथा चक्ला वनको व्यवस्थापन गरी हटाइने रुखबाट काठ दाउरा संकलन गर्दा खडा रुखहरु र अन्य सबैखाले वनका ढलापडा रुखहरुको जि.पि.एस. लोकेशन अनिवार्य रुपमा लिनु पर्नेछ । यसरी प्राप्त लोकेशनलाई उक्त वनको नक्शामा इंकित गर्नु पर्नेछ ।

(३) बाढी, पहिरो, हिमपात, आगजनी, हावाहुरी आदि जस्ता प्राकृतिक प्रकोपका कारणले वन पैदावारको क्षति हुन गई सड्ने वा नाशिने अवस्था आईपरेमा सो वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गरी बिक्री-वितरण गर्न सम्बन्धित स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लेख गरिएको वार्षिक संकलन गर्न सकिने परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन । यस प्रकारका वन पैदावार संकलनका लागि जिल्ला वन कार्यालयले विस्तृत लगत मूल्याङ्कन, अवस्थिति (जि.पि.एस. लोकेशन) र जिल्ला दैवीप्रकोप उद्धार समितिको सिफारिस सहित वन विभागको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४. **प्लट निर्धारण:** (१) जिल्ला वन अधिकृतले वन व्यवस्थापन योजना वा कार्ययोजना अनुसारको ब्लक, कम्पार्टमेन्ट, सबकम्पार्टमेन्ट वा कटान क्षेत्र, नेपाल सरकारबाट तोकिएको कटान क्षेत्र र सुखड ढलापडा संकलन क्षेत्रहरुको चारकिल्ला स्पष्ट हुनेगरी प्लट निर्धारण गर्नु पर्नेछ । यसरी चारकिल्ला छुट्याउँदा सकभर प्राकृतिक सिमाना जस्तै नदी, खोलानाला, खोल्सा, बाटो आदिको आधार लिई सोको अवस्थिति (जि.पि.एस. लोकेशन) समेत लिनु पर्नेछ ।

(२) प्लट निर्धारण गर्दा भू-क्षय तथा जैविक विविधताको दृष्टिकोणले संरक्षण गरिनुपर्ने क्षेत्र र अनुसन्धान क्षेत्रलाई कटान गर्ने क्षेत्रमा समावेस गरिनु हुँदैन ।

(३) जिल्ला वन अधिकृतले उपदफा (१) र (२) बमोजिमको प्लट निरीक्षण गरी रुखहरु कटान गर्ने क्षेत्र, मुढाहरु घिसार्ने बाटाहरु, गाडा, ट्र्याक्टर वा अन्य ढुवानी गर्ने सवारी साधनहरु चल्ने बाटो तथा सडक, खोल्सा वा खोला तर्ने पुलेसाहरु, काठेपुलहरु, छोटो अवधिको लागि काठ दाउरा थुपार्ने ठाउँहरु र घाटगद्दी रहने स्थान समेत यकिन गरी नक्सामा अंकित गरी जिल्ला वन कार्यालयमा अभिलेख राखी क्षेत्रीय वन निर्देशनालय र वन विभागमा पठाउनु पर्नेछ ।

५. **छपान व्यवस्था:** (१) निर्धारण गरिएको प्लटमा भएका कटान गर्नुपर्ने प्रत्येक रुखहरुमा छपान गर्नु पर्नेछ । छपान भएका रुखहरुको अवस्था (हरियो वा सुकेको र खडा वा ढलापडा) जनाई क्लास अनुसार लगत लिई मूल्याङ्कन गर्नु पर्नेछ । छपान तथा मूल्याङ्कन कार्य सम्बन्धित इलाका वन कार्यालयको कम्तीमा रेन्जर दर्जाको प्राविधिक कर्मचारीले अनुसूची-१ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

(२) छपान गर्नुपर्ने प्रत्येक रुखको फेदमा र छातीको उचाईमा गरी दुई ठाँउमा ६ इन्च × ६ इन्चको ब्लेज लगाउनु पर्नेछ । उक्त ब्लेज फेदमा भूईँको सतह देखि माथि ६ इन्च भित्र र छातीको उचाईमा रुखको फेद देखि ४.५ फिट (१३७ से.मी.) को उचाईमा हुनु पर्नेछ । दुवै ब्लेज एक अर्काको विपरीत दिशामा हुनु पर्नेछ । दुवै ब्लेजमा प्रष्ट देखिने गरी "व.वि.....का" संकेतको छपान टाँचा र साझेदारी वनको हकमा साझेदारी वन व्यवस्थापन समूहको टाँचा समेत लगाई इनामेलले छपान नम्बर समेत लेख्नु पर्नेछ । तर दरियाबुर्दी वा खोलामा वा अन्य स्थानमा गाडिएको वा ढलेको अवस्थामा रहेका रुखहरु छपान गर्दा दुवै ब्लेज एकै दिशामा हुने गरी छपान गर्न सकिनेछ । छपान गरिएका रुखहरुको छपान तेरिज अनुसूची-२ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(३) सेक्टर वन कार्यालयका प्रमुखले छपान गरिएका रुखहरु मध्ये कम्तीमा २५ प्रतिशत, जिल्ला

वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले कम्तीमा १० प्रतिशत र क्षेत्रीय वन निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधिले कम्तीमा ५ प्रतिशत निरीक्षण गर्नु पर्नेछ । यसरी चेकजाँच गरिएका रुखहरुको बिबरण निरीक्षण प्रतिवेदनमा समावेस गर्नु पर्नेछ । सबै तहको छपान निरीक्षण छपान सम्पन्न भएको बढीमा १५ (पन्ध्र) दिन भित्र गरिसक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छपान निरीक्षण गर्दा रुखको नाप साइज, प्रजाति, संख्या, ब्लेज, छपान नम्बर आदि निर्धारित प्रक्रिया बमोजिम भए नभएको चेकजाँच गर्नु पर्नेछ । यसरी निरीक्षण गर्दा अन्यथा भएको पाइएमा पदीय जिम्मेवारी पूरा नगरेको ठहर्‍याई जिल्ला वन अधिकृतले उक्त कार्यसंग सम्बन्धित कर्मचारी उपर कारवाही गरी क्षेत्रीय वन निर्देशकलाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निरीक्षणको क्रममा फरक भएको पाइएमा त्यस्ता रुखहरुको छपान रद्द गरी अर्को कर्मचारीबाट पुनः छपान गराउनु पर्नेछ ।

**६. मूल्याङ्कन व्यवस्थाः** छपान भएका रुखहरुको मूल्यांङ्कन गर्दा नियमावलीको अनुसूची-७ बमोजिम आयतन निकाल्नु पर्दछ ।

**७. कामको जिम्मेवारी निर्धारण र सूचना प्रकाशनः** (१) दफा ५ र ६ बमोजिमको छपान तथा मूल्याङ्कनको कार्य सकिएपछि जिल्ला वन कार्यालय आफैले वा अन्य कुनै निकायलाई कटान मुछान तथा संकलनको काम गर्न दिने हो सोको यकिन जिल्ला वन अधिकृतले गर्नु पर्नेछ ।

(२) प्लटमा कटान मुछान कार्य जिल्ला वन कार्यालयले गर्ने भएमा प्रचलित ऐन नियममा व्यवस्था भए अनुसार ठेक्का वन्दोबस्त गर्न जिल्ला वन कार्यालयले काठ दाउराको परिमाण अनुसार सार्वजनिक खरिद नियमावलीले तोके वमोजिमको म्याद दिई सूचना प्रकाशन गर्नुपर्ने छ । जिल्ला वन कार्यालयले कटान मुछान कार्यको लागि आवश्यक पर्ने बजेट वार्षिक कार्यक्रम तर्जुमा गर्दा समावेश गर्नु पर्नेछ । सरकारी लगानी वाहेक अन्य श्रोतबाट काठ दाउरा संकलन गरिने छैन ।

(३) सामान्यतया कटान मुछान तथा संकलन कार्य अमानतबाट गरिने छैन । तर उपदफा (२) बमोजिम ठेक्का वन्दोवस्त गर्न पटक पटक सूचना प्रकाशित गर्दा पनि वोलपत्र नपरेमा वा प्राकृतिक प्रकोप पीडितलाई तत्काल काठ उपलब्ध गराउनुपर्ने भएमा वा अन्य परिस्थितिजन्य कारणले गर्दा बोलपत्र आह्वान गर्ने समय र अवस्था नरहेमा परिस्थिति खुलाई क्षेत्रीय वन निर्देशकको स्वीकृति लिई स्वीकृत लागत अनुमान बमोजिम अमानतबाट कटान मुछान तथा संकलन कार्य गर्न सकिनेछ । यसैगरी तत्काल संकलन गरी सुरक्षित स्थानमा जम्मा नगरिएमा काठ चोरी भई वा अन्य कुनै किसिमले राष्ट्रिय सम्पत्तिको हानी नोक्सानी हुने अवस्था आएमा क्षेत्रीय वन निर्देशकको अनुमति लिई कटान मुछान तथा संकलन कार्य सिधै अमानतबाट समेत गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अमानतबाट कटान गरिएको प्लटमा सोही आर्थिक बर्षमा कटान मुछान तथा संकलनको कार्य सम्पन्न हुन नसकेमा सम्पन्न भएज़ति कामको सम्बन्धित क्षेत्रीय वन निर्देशनालयबाट जाँचपास गराई बाँकी रहेको कामको नयाँ प्लट सरह ठेक्का बन्दोबस्त गरी आगामी आर्थिक बर्षमा काम सम्पन्न गर्नुपर्नेछ ।

**८. करारनामा सम्बन्धी व्यवस्था**: (१) प्रचलित ऐन नियमानुसार ठेक्का सदर भएपछि सम्बन्धित व्यक्ति, फर्म, वा संस्थाले ठेक्का सदर भएको जानकारी प्राप्त गरेको ७ (सात) दिन भित्र वा पत्र नबुझेको अवस्थामा ७ (सात) दिन भित्र सार्वजनिक सूचना जारी गरी १५ (पन्ध्र) दिन भित्र करारनामा गर्न आउनु भनी सूचना दिनु पर्नेछ । तोकिएको अवधि भित्र करारनामा गर्न नआएमा ठेक्का तोडी जमानत समेत जफत गरिनेछ ।

(२) यसरी स्वीकृत भएको ठेक्काको करारनामा गर्दा जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृत र ठेक्का सकार गर्ने व्यक्ति, निकाय वा निजको प्रतिनिधिले आ-आफ्नो साक्षीको रोहवरमा दस्तखत गर्नुपर्नेछ ।

(३) करारनामा सम्बन्धी विवाद परेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**९. जमानत तथा धरौटी**: (१) ठेक्का सकार गर्ने व्यक्ति वा निकायले प्रत्येक प्लटमा गर्नुपर्ने कामको कबोल अङ्कको १० प्रतिशत धरौटी वा जमानत राख्नु पर्नेछ ।

(२) नेपाल सरकारको स्वामित्वमा रहेका समिति तथा संस्थानहरुले कुनै जमानत तथा धरौटी राख्नु पर्नेछैन ।

**१०. वन प्रवेश इजाजत पत्र (वन पेशी)**: (१) दफा ८ बमोजिम करारनामा गरेको ७ (सात) दिन भित्र वन पेशी लिई सक्नु पर्नेछ । सम्बन्धित व्यक्ति वा निकायले उक्त म्यादभित्र वन पेशी नलिएमा ठेक्का तोडी सो बापत राखेको धरौटी समेत जफत गरिनेछ । समिति वा संस्थानले पनि करारनामा गरेको ७ (सात) दिन भित्र वन पेशी नलिएमा करारनामा रद्द गरिने छ र सोही प्लट पुन: उपलब्ध गराइने छैन ।

(२) यस निर्देशिका अनुसार काठ दाउरा संकलन गर्न राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा बाहेक प्रत्येक आर्थिक वर्षको कार्तिक देखि फागुन मसान्त भित्र वन पेशी दिईसक्नु पर्नेछ र जेठ महिना भित्रमा कटान मुछानको काम सम्पन्न गरी सबै काठ दाउरा घाटगद्दीमा ल्याईसक्नु पर्नेछ ।

(३) खडा रुख लिलाम बिक्री स्वीकृत भई कबोल रकम दाखिला गरिसकेपछि रुखबाट काठ दाउरा संकलनको लागि नियमावलीको नियम १६ ले तोकेको म्यादको अधिनमा रही वन पेशी दिईनेछ ।

(४) दफा २७ बमोजिमका वन पैदावारहरुको लिलाम बिक्री स्वीकृत भई सम्झौता अनुसार कबोल रकम दाखिला गरिसकेपछि जिल्ला वन अधिकृतले वन पैदावारको प्रकृति र प्रजाति हेरी सोही आर्थिक वर्ष भित्र बढीमा ८ महिनाका लागि वन पेशी दिन सक्नेछ ।

(५) नियमावलीको अनुसूची ६ (ख) अनुसारका ढुङ्गा, गिटी, बालुवा जस्ता वन पैदावारहरुको हकमा कबोल अङ्क २ किस्ता (पहिलो सम्झौताको समयमा र दोश्रो ६ महिना पछि) मा बुझाउन सकिनेछ । पहिलो किस्ता बुझाई सकेपछि तोकिएको क्षेत्रबाट वन पैदावार उठाई लैजाने अनुमति दिईनेछ । यस्ता वन पैदावार उठाई लैजाने म्याद प्रत्येक बर्ष बढीमा ८ महिनासम्म हुनेछ ।

(६) उपदफा (३), (४) र (५) मा उल्लेख भएका वन पैदावार हटाउन समय लाग्ने भएकोले वन पेशी दिनु पूर्व लिलाम सकारकर्तासंग सम्झौता गरिनेछ । ग्रेडिङ हुने खडा रुखको हकमा अनुसूची-३ (क), ग्रेडिङ नहुने खडा रुखको हकमा अनुसूची-३(ख), ढुङ्गा, गिट्टी (ग्राभेल), बालुवाको लागि अनुसूची-४ र जडीबुटी तथा अन्य वन पैदावारको हकमा अनुसूची-५ बमोजिमको नमुनालाई आधार मानी सम्झौता गरिनेछ ।

परिच्छेद-३

## रुख कटान, मुछान, ढुवानी तथा घाटगद्दी सम्बन्धी व्यवस्था

**११. कटान मुछान सम्बन्धी व्यवस्थाः** (१) सम्बन्धित व्यक्ति वा निकायले वन पेशी प्राप्त गरेको ७ (सात) दिन भित्र काम शुरु गर्नु पर्नेछ । वन प्रवेश अगावै जिल्ला वन अधिकृतले कटान कार्यलाई सम्झौता अनुकूल व्यवस्थित गर्न प्राविधिक कर्मचारीलाई जिम्मेवारी तोकी खटाउनु पर्नेछ । यसरी खटिएका वन कर्मचारीको नाम वन पेशीमा समेत उल्लेख गर्नु पर्नेछ ।

(२) सम्बन्धित व्यक्ति वा निकायले प्लटको काममा परिचयपत्र सहितका दक्ष जनशक्ति र चाहिने मेसिन उपकरणहरु समेतको व्यवस्था गरी सोको विवरण जिल्ला वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) कटान सम्बन्धी कार्यमा सम्वन्धित व्यक्ति वा निकायले काम लगाउदा स्थानीय व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) छपान टाँचा लागेका रुखहरु मात्र कटान गर्नु पर्नेछ । रुख कटान गर्दा फेदमा छपान भएको तल्लो टाँचा प्रष्ट देखिने गरी छोड्नु पर्नेछ ।

(५) छपान भएका रुखहरु उखेल्ने शर्त भएमा सोही बमोजिम जरादेखि नै उखेल्न सकिनेछ । छपान भै कटान सहमति पाएका सबै रुखहरु कटान गर्नु पर्नेछ । तर छपान रद्द गरिएका रुखहरु कटान गर्न पाईने छैन ।

(६) विभिन्न विकास निर्माण आयोजना सञ्चालन गर्दा कटान भएको वनक्षेत्र, पुनर्वास तथा वसोवास क्षेत्र, वनपथ र अग्निरेखा निर्माणस्थलमा भएका जरा ठुटाहरु मात्र उखेल्ने गरी इजाजत दिन सकिने छ । तर वातावरणीय प्रभाव पर्ने वा भू-क्षय हुने र प्राकृतिक पुनरुत्थान कार्यमा प्रतिकूल असर पर्ने देखिएमा अधिकार प्राप्त अधिकारीले जरा ठुटा निकाल्न मनाही गर्न सक्नेछ ।

(७) कटान भएका रुखहरुलाई उचित तरिकाले गिंडा गरी उपयुक्त साईजमा गोलिया तथा बल्लाबल्लीहरु तयार गर्नु पर्नेछ । बल्लाबल्ली र गोलिया हुने काठलाई दाउरामा परिणत गर्नु हुँदैन । त्यसरी नै दाउराको रुपमा मात्र प्रयोग हुने अवस्थाको बांगोटिंगो, धोद्रो, मक्किएको र दाउराको परिभाषा भित्र पर्ने काठलाई गोलिया तथा बल्लाबल्लीमा परिणत गर्नु हुदैंन ।

(८) गोलिया तयारीको लागि सेक्सनिङ्ग गर्ने, नाप गर्ने र काठको स्तरीकरण (Grading) गर्ने कार्य कम्तीमा रेन्जर दर्जाको वन कर्मचारीले गर्नेछ र सम्बन्धित सेक्टर वन कार्यालयका प्रमुख एवं जिल्ला वन अधिकृतले समय समयमा प्लटको निरीक्षण गरी लिखित पृष्ठपोषण दिनु पर्नेछ ।

(९) गोलिया काठको स्तरीकरण गर्ने कार्य नियमावलीको अनुसूची-२ बमोजिम गर्नु पर्नेछ ।

(१०) कटान गरेका रुखहरुबाट निस्केका गोलिया काठ र दाउराको अनुसूची-६ बमोजिमको कटान रजिष्टर खडा गरी लगत राख्नु पर्नेछ ।

(११) कटान भएका प्रत्येक रुखबाट निस्केका प्रत्येक गोलिया काठको टक्करमा छपान रुख नम्वर, गिण्डा नम्वर, गोलियाको नापसाईज (गोलाई तथा लम्वाई) र ग्रेड समेत स्पष्टसँग

देखिने गरी इनामेलले लेख्नु पर्नेछ ।

(१२) प्रत्येक प्लटमा कटान भएका सम्पूर्ण रुखहरु र सोबाट निस्केका गिंडाहरुको एकमुस्ट विवरण अनूसूची-७ बमोजिमको पन्ध्ररोजा फाराममा उल्लेख गरी जिल्ला वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१३) काठ दाउरा कटान मुछान गर्दा छपान भएका रुखहरु बाहेक अन्य रुखहरुको नोक्सानी वा अनियमित कटानी भएमा राष्ट्रिय वनमा अपराध गरे सरह कारवाही हुनेछ ।

**१२. काठ दाउरा ढुवानी तथा घाटगद्दी सम्बन्धी व्यवस्थाः** (१) दफा ११ अनुसारको लगत भएका गोलिया काठ तथा दाउरा जिल्ला वन अधिकृतले चारकिल्ला खुलाई तोकिदिएको वन जंगल बाहिरको खुला ठाउँमा घाटगद्दी गर्नु पर्नेछ । तर सीमावर्ती क्षेत्रमा देशको सिमाना देखि ५ कि.मि. भित्र र स:मिल तथा फर्निचर उद्योगको हाताभित्र घाटगद्दी गर्न दिइने छैन । सम्भव भएसम्म वन कार्यालयको परिसर वा आसपासको क्षेत्रमा घाटगद्दी गर्न प्राथमिकता दिनु पर्नेछ ।

(२) वन जङ्गल भित्र नै घाटगद्दी गर्नुको विकल्प नभएमा क्षेत्रीय वन निर्देशकको पूर्व स्वीकृति लिई चारकिल्ला र क्षेत्र छुट्याई घाटगद्दी गर्न दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको स्थानमा घाटगद्दी गर्न उपयुक्त ठाउँ उपलब्ध नभई कुनै व्यक्ति विशेषको नम्बरी आवादी जग्गामा घाटगद्दी गर्नुपर्ने अवस्था आएमा सम्बन्धित जग्गाधनीको लिखित मञ्जुरी लिई घाटगद्दी कायम गर्नको लागि कटान, मुछान तथा संकलन गर्ने व्यक्ति वा निकायले माग गरेमा जिल्ला वन अधिकृतले त्यस्तो आवादी जग्गामा घाटगद्दी गर्न अनुमति दिन सक्नेछ ।

(४) ढुवानी गर्ने प्रत्येक गोलियाको दुवै टक्करमा "व.वि...जा." संकेतको पासिङ टाँचा लगाई घाटगद्दीमा ल्याउनु पर्ने छ ।

(५) कटान गरेको प्लटबाट घाटगद्दी स्थानसम्म काठ दाउरा ढुवानी गर्दा अनुसूची-८ बमोजिमको रमाना पुर्जी भरेर ढुवानी गर्ने साधनका चालकलाई एक प्रति दिई पठाउनु पर्नेछ । घाटगद्दीमा उक्त रमाना पुर्जी अनुसारको काठ दाउरा कटान मुछान तथा संकलन गर्ने व्यक्ति वा निकायको प्रतिनिधिले बुझ्नु पर्नेछ । रमाना पुर्जीमा जिल्ला वन कार्यालयको छाप लागेको र प्लट निरीक्षणमा खटिएको वन कर्मचारी र व्यक्ति वा निकायको प्रतिनिधिको समेत दस्तखत हुनु पर्नेछ ।

(६) काठ ढुवानी गर्दा जिल्ला वन अधिकृतले तोकिदिएको बाटो मात्र प्रयोग गर्नु पर्नेछ ।

(७) पहाडी क्षेत्र वा अन्य विकट क्षेत्रको प्लटबाट घाटगद्दीसम्म काठ ढुवानी गर्न गोलिया चिरान नगरी सम्भव नहुने भएमा जिल्ला वन कार्यालयले यस्ता गोलिया काठ लिलाम बिक्री गरी, विमार्का समेत गराई प्रमाणित लगत बमोजिमको काठको हाते आराले चिरान गर्ने सहमति क्षेत्रीय वन निर्देशकबाट लिई, चिरान आदेश दिन र घाटगद्दी गर्न इजाजत दिन सक्नेछ । उक्त चिरान गरिएको प्रत्येक गोलिया तथा सोबाट उत्पादित चिरान काठको लगत राख्नु पर्नेछ ।

(८) सडकको पहुँच नपुगेको वनक्षेत्र जहाँ प्राकृतिक प्रकोपले ढलेका, विद्युत प्रसारण लाइन, सडक, टेलिफोन टावर आदि निर्माणको सिलसिलामा कटान भई लिलाम बिक्री भएका रुखहरुको राजस्व बुझी विमार्का गरिसकेपछि मात्र गोलिया काठ चिरान गर्न इजाजत दिनु

पर्नेछ ।

(९) प्लटमा छपान भएका रुखहरुको मूल्याङ्कनका आधारमा खडा रुख नै लिलाम गरेको अवस्थामा जिल्ला वन अधिकृतले सकार मूल्य लिई गोलिया काठमा बिमार्का गरिसकेपछि मात्र चिरान गर्न इजाजत दिन सक्नेछ ।

(१०) प्लटमा कटान कार्य समाप्त भएर घाटगद्दीमा आएका काठ दाउरा मध्ये सम्बन्धित सेक्टर वन कार्यालयका प्रमुखबाट कम्तीमा २५ प्रतिशत, जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिबाट कम्तीमा १० प्रतिशत र क्षेत्रीय वन निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधिबाट कम्तीमा ५ प्रतिशत निरीक्षण गरी विवरण सहितको अभिलेख राख्नु पर्नेछ ।

(११) घाटगद्दीमा गोलिया काठ चाङ लगाएर राख्नु पर्नेछ । चाङ लगाउदा लामो गोलिया सबैभन्दा तल र क्रमशः छोटो गोलिया माथि हुने गरी सबै गोलिया काठको एकातर्फको टक्कर एउटै सतहमा पर्ने गरी मिलाएर राख्नु पर्नेछ । दाउराको हकमा २० फिट × ५ फिट × ५ फिट साइजको चट्टा बनाई कुन प्लटको दाउरा हो सो समेत देखिने गरी चट्टा नम्बर इनामेलले लेखेर राख्नु पर्नेछ । त्यसैगरी बल्लाबल्लीलाई पनि छुट्टै चाङ लगाउनु पर्नेछ ।

(१२) घाटगद्दीमा आएको सम्पूर्ण काठ दाउराको घाटगद्दी रजिष्टर खडा गरी जात, स्तर (ग्रेड) र नापसाईज खुलाई अनुसूची-९ बमोजिम लगत तयार गरी राख्नु पर्नेछ । रमाना पुर्जी र घाटगद्दीको लगत अनिवार्य रुपमा भिड्नु पर्नेछ ।

(१३) प्लटमा खटिएका कर्मचारीहरु र कटान मुछान तथा संकलनको काम गर्ने व्यक्ति वा निकायले नियमित रुपमा घाटगद्दीमा रहेका सम्पूर्ण काठ दाउराको परिमाणको विवरण अनुसूची-१०(क) बमोजिमको पन्ध रोजा फारामभरी जिल्ला वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१४) उपदफा (१०) बमोजिम घाटगद्दी निरीक्षण गर्दा तोकिएको स्थानमा घाटगद्दी नगरिएको, काठ दाउराको नापसाईज र स्तर (ग्रेड) फरक परेको, चाङ र चट्टा नमिलाएको, घाटगद्दी रजिष्टर र घाटगद्दी पन्ध्ररोजा फाराम दुरुस्त नराखेको, गोलियाको दुवै टक्करमा "व.वि...जा." संकेतको पासिङ्ग टाँचा नलगाएको, प्रत्येक गोलिया काठको टक्करमा छपान रुख नम्वर, गिण्डा नम्वर, नापसाईज र ग्रेड स्पष्टसँग देखिने गरी नलेखेको, रमाना पुर्जी र घाटगद्दीको लगत नभिडेको लगायतका त्रूटीहरु गरेको फेला परेमा पदीय जिम्मेवारी पूरा नगरेको ठहऱ्याई उक्त कार्यसंग सम्बन्धित कर्मचारीहरु उपर विभागीय कारवाही हुनेछ ।

(१५) उपदफा (१४) बमोजिम निरीक्षणको क्रममा फरक भेटिएमा सोभन्दा माथिल्लो तहको कर्मचारीबाट त्रूटी सच्याउन लगाउनु पर्नेछ ।

(१६) कार्ययोजनाले निर्दिष्ट गरेको वार्षिक परिमाणमा वन जङ्गलको हैसियत नबिग्रने गरी काठ दाउराको सङ्कलन र निकासी गरिसकेपछि सो वनबाट कसैलाई पनि काठ दाउरा उपलब्ध गराईने छैन । तर दैवीप्रकोप पीडितको राहत र दाहसंस्कार प्रयोजनको लागि भने बाह्रैमहिना काठ दाउरा उपलब्ध गराउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(१७) जिल्लाको स्वीकृत वन व्यवस्थापन योजना बमोजिम काठ, दाउरा संकलन तथा घाटगद्दी गर्दा नेपाल सरकारबाट निर्णय भई अन्यथा समयावधि तोकिएको अवस्थामा वाहेक अनुसूची-१० (ख) मा उल्लेखित समय तालिका अनुसार कार्य संचालन गर्नु पर्नेछ ।

**१३. घाटगद्दीमा काठ दाउराको सुरक्षा सम्बन्धी व्यवस्था:** (१) जिल्ला वन कार्यालयलाई काठ दाउरा हस्तान्तरण नभएसम्म घाटगद्दीमा रहेका काठ दाउराको संरक्षणको उचित व्यवस्था सम्बन्धित संकलनकर्ताले नै गर्नु पर्नेछ । जिल्ला वन कार्यालयलाई हस्तान्तरण भइसकेपछि घाटगद्दीको काठ दाउराको संरक्षणको जिम्मेवारी जिल्ला वन कार्यालयले तोकेको कर्मचारीमा रहनेछ । घाटगद्दीमा भएको काठ दाउराको कुनै व्यक्ति वा कर्मचारीको लापरवाहीको कारणले हानी नोक्सानी भएमा राष्ट्रिय वनमा हानि नोक्सानी गरे सरहको अपराध मानी कसूरदारलाई कारवाही र सजाय हुनेछ ।

(२) घाटगद्दीमा रहेका वन पैदावारहरु भवितव्य वा अन्य कुनै कारणबाट पूरै वा केहीमात्रामा नोक्सान भएको अवस्थामा त्यस्तो घटना घटेको २४ घण्टा भित्र तालुक कार्यालय, प्रहरी र स्थानीय प्रशासनमा जानकारी गराउनु पर्नेछ । यस्तो हानि नोक्सानीको सम्बन्धमा स्थानीय प्रहरी र गाउँ विकास समिति वा नगरपालिकाका प्रतिनिधिको रोहवरमा तयार पारेको घटनास्थल प्रकृति मुचुल्का र जिल्ला दैवीप्रकोप उद्धार समितिको सिफारिसका आधारमा दफा ५० वमोजिमको पुनर्मूल्याङ्कन समितिले स्थलगत निरीक्षण गरी क्षतियकिन सहितको प्रतिवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिमको प्रमाण र पुनर्मूल्याङ्कन समितिको सिफारिस सहित जिल्ला वन कार्यालयले हानि नोक्सानी भएको वन पैदावार मिन्हाका लागि वन विभागमा लेखी पठाउनु पर्नेछ । मिन्हा सम्वन्धी अन्तिम निर्णय नेपाल सरकारको हुनेछ ।

**१४. प्लटको म्याद थप गर्ने व्यवस्था:** (१) सामान्यतया प्लटको म्याद थप गरिने छैन ।

(२) तर तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसक्ने अवस्था आएमा सोको मुनासिव कारण खुलाई म्याद थपको लागि म्याद सकिनु अगावै निवेदन दिनु पर्नेछ । यसरी माग गरेको म्याद थपको कारण मुनासिव देखिएमा जिल्ला वन अधिकृतले एकै पटक वा पटक पटक गरी बढीमा दुई महिनासम्म म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थप भएको म्याद भित्र समेत काम गर्न नसक्ने व्यक्ति वा निकायको अभिलेख राखी क्षेत्रीय वन निर्देशनालय र वन विभागमा सोको जानकारी दिनु पर्नेछ । यस किसिमको दुई वा दुईभन्दा बढी पटक अभिलेख रहेको पाइएमा त्यस्ता व्यक्ति वा निकायलाई काठ दाउरा सम्वन्धी कारोवार गर्न नपाउने गरी कालोसूचीमा राख्न सम्वन्धित निकायमा सिफारिस गरिने छ ।

**१५. प्लटको अन्तिम जाँच:** (१) जिल्ला वन अधिकृतको अनुरोधमा प्लटमा काम सकिएको एक महिना भित्र कटान मुछान गरिएको प्लटको सम्वन्धित क्षेत्रीय वन निर्देशक वा निजले तोकेको अधिकृतस्तरको वन प्राविधिक कर्मचारीबाट अन्तिम जाँच गर्नु पर्नेछ । अन्तिम जाँचको नमुना फाराम अनुसूची-११ मा संलग्न छ ।

(२) अन्तिम चेकजाँच गर्दा दफा १६ बमोजिमको काम कार्वाही भए नभएको समेत हेर्नुपर्नेछ ।

(३) जिल्ला वन अधिकृतले प्लट कटान प्रकृयाको छपान देखि अन्तिम चेकजाँचसम्मका लागि सम्भव भएसम्म खटिएका कर्मचारीलाई नै जिम्मेवारी दिनुपर्नेछ ।

(४) अन्तिम जाँचको क्रममा छपान भएका सबै रुखहरु कटान भएको नपाईएमा कटान

नगर्नाको औचित्य पुष्टि हुने मुनासिब कारण भएमा मात्र कटान नभएका रुखहरुको जि.पि.एस. लोकेशन लिई पुरानो छपान लगत बमोजिमको रुखको विस्तृत विवरण सहित उक्त सबै रुखहरु जिल्ला वन कार्यालयलाई बुझाउनुपर्नेछ । साथै औचित्य पुष्टि हुन नसकेका त्यस्ता रुखहरुको प्रतिरुख एक हजार रुपैयाका दरले कटान गर्ने निकायबाट असूलउपर गरी प्लट क्लियर गरिनेछ ।

(५) छपान भएको भन्दा फरक रुख वा बढी रुख काटिएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ । छपान भएका रुखहरु हराएमा वा कुनै कारणवश क्षति भएमा र यसको जानकारी समयमै जिल्ला वन कार्यालयमा गराई आवश्यक छानविन भई प्रतिवेदन समावेस नरहेको अवस्थामा सम्बन्धित व्यक्ति वा निकायबाट मूल्यांकन बमोजिमको रकम असूलउपर गरिनेछ ।

**१६. पुनर्स्थापन व्यवस्था:** (१) कटान गर्ने व्यक्ति वा निकायले प्लटमा कटानमुछान कार्य सम्पन्न भई घाटगद्दी गर्नुपर्ने काठ दाउरा घाटगद्दी भईसकेपछि प्लटमा रहेका पात पतिंगर, बोक्रा र अन्य फोहोरहरु समेत हटाई सफा गर्नु पर्नेछ ।

(२) वन क्षेत्रमा रुखहरु कटानमुछान गर्दा र काठ दाउरा ढुवानी गर्दा प्रयोग गरेको निकासी मार्गहरुमा भएका खाल्डाहरुलाई माटोले पुरी पहिलाकै स्थितिमा हुने गरी मर्मत सुधार गर्नु पर्नेछ ।

(३) कटान मुछान गर्दा खाली भएको क्षेत्रमा आवश्यकता अनुसार जिल्ला वन कार्यालयले वृक्षारोपण गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) मा लाग्ने खर्च कटान गर्ने व्यक्ति वा निकायले नै व्यहोर्नु पर्नेछ ।

परिच्छेद-४

## काठ दाउराको नापी, स्तरीकरण र खडा वा ढलेका रुख बिक्री सम्बन्धी व्यवस्था

**१७. काठ दाउराको नापी सम्बन्धी व्यवस्था:** (१) काठ दाउराको नापी, स्तरीकरण (Grading) र पाईलिङ गर्ने गराउने कार्य रेञ्जर वा सो भन्दा माथिल्लो दर्जाको वन प्राविधिक कर्मचारीले गर्नु पर्नेछ ।

(२) गोलिया काठको लम्बाइ मापन गर्दा नजिकको फिटमा (८ इन्च माथि १ फिट, ४ देखि ८ इन्चसम्म ०.५ फिट र ४ इन्च मुनि ० फिट) कायम गर्नु पर्नेछ । गोलाई नाप गर्दा गोलियाको लम्बाईको मध्य भागमा बोक्रा ताछेर रिङ्ग बनाई इन्चमा नाप गर्नुपर्नेछ । बोक्रा नभएको वा बोक्रा ताछ्न नहुने काठको हकमा नापी गर्ने व्यक्तिले नापेको ठाउँमा चिनो लगाउनु पर्नेछ र अनुगमन निरीक्षण गर्नेले पनि सोही ठाँउमा नापेर जाँच गर्नु पर्नेछ ।

(३) गोलाई मापन गर्दा नजिकको इन्चमा (४ लाइनभन्दा माथि १ इन्च र ४ लाइनसम्म ० इन्च) मापन गर्नु पर्नेछ । तर चिरानको हकमा चौडाइ र मोटाइ मापन गर्दा बाहिरी भागको मक्किएको सडेको भागलाई कटाएर नजिकको इन्चसम्म मापन गर्नु पर्दछ ।

(४) गोलियाको आयतन निकाल्दा क्वाटर गर्थ सूत्रबाट निकाल्नु पर्नेछ । यसरी आयतन निकाल्दा गोलियामा धोद भएमा धोदको आयतन पनि क्वाटर गर्थ सूत्रबाट हिसाब गरी धोदकट्टी

गर्नु पर्नेछ । गोलियाको एकातिर मात्र धोद भएमा गोलियाको आधा लम्बाईलाई मात्र धोदको लम्बाई मान्नुपर्नेछ भने दुबैतिर धोद भएमा गोलियाको पूरै लम्बाईलाई धोदको लम्बाई मानी हिसाव गर्नु पर्नेछ । धोदको आयतन निकाल्दा गोलियामा भएको दुवैतिरको धोदको औषत व्यास निकाल्नु पर्नेछ । यसरी निकालिएको व्यासबाट धोदको गोलाई निर्धारण गरी क्वाटर गर्थ सूत्रबाट धोदको आयतन निकाली गोलियाको आयतनबाट घटाउनु पर्नेछ ।

(५) काठ नाप्दा काठको बाहिरी भाग मक्किएको भएमा मक्किए जतिको भागलाई कटाई नाप्नु पर्दछ ।

(६) गोलिया काठको ग्रेडिङ्ग गर्दा नियमावलीको अनुसूची-२ अनुसार गर्नुपर्दछ । चिरान काठको हकमा सबै चिरान काठलाई "ए" ग्रेडमा कायम गर्नु पर्नेछ ।

**१८. काठ दाउरा सदुपयोगको व्यवस्था:** (१) आफूले सङ्कलन गरी घाटगद्दी गरेको काठ दाउराको समयमै सदुपयोगको व्यवस्था सम्बन्धित निकायले मिलाउनु पर्दछ ।

(२) अन्तिम चेकजाँच सम्पन्न भएको बढीमा ३ महिनाभित्र काठ दाउरा विक्री वितरणको प्रक्रिया शुरु गर्नु पर्नेछ । कुनै कारणले तोकिएको अवधि भित्र प्रक्रिया शुरु गर्न नसकेमा कारण खुलाई सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा जानकारी गराउनु पर्नेछ ।

**१९. खडा वा ढलेका रुख विक्री सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकारको निर्णयबाट वा स्वीकृत कार्ययोजना कार्यान्वयन गर्दाछिटै सडीगली जान सक्ने प्रजातिका हटाउनुपर्ने खडा वा प्राकृतिक प्रकोपबाट ढलेका, सडक पहुँच नभएका र घाटगद्दी गर्ने स्थानको असहजता भएका क्षेत्रका रुखहरु हटाउनु पर्ने भएमा बढीमा २०० वटा रुखहरु सम्मको प्लट बनाई नियमावलीको अनुसूची-२ को द्रष्टव्य (२) मा व्यवस्था भएको राजस्व दर बमोजिम Stumpage Value अनुसारको मूल्याङ्कन गरी यसलाई न्यूनतम मूल्य मानी खडारुख वा ढलेको अवस्थामा लिलाम गर्न सकिनेछ । यसरी लिलाम गर्दा कबोल गरेको सम्पूर्ण रकम वन प्रवेश इजाजत प्राप्त गर्नु अघि बुझाउनु पर्नेछ र सो रकम सर्वसञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य क्षेत्रीय वन निर्देशकको स्वीकृति लिई गर्नु पर्नेछ ।

(३) कटान गर्ने सम्बन्धित व्यक्ति वा निकायले उपदफा (१) बमोजिम कायम गरिएका प्लटहरुका सबै रुखहरु कटान मुछान गरी काठ दाउरा उठाई लैजानु पर्नेछ । यदि रुखहरु कटान मुछान नगरेमा कबोल गरिए अनुसार दाखिला गरिएको रकम फिर्ता हुने छैन । करारनामामा उल्लेखित परिमाण भन्दा बढी काठ दाउरा उत्पादन भएमा र उक्त बढी भएको काठ दाउरा सकारकर्ताले उठाई लग्ने भएमा नापी लगत अनुसार राजस्व रकम थप गर्नु पर्नेछ । यदि सकारकर्ताले बढी भएको काठ दाउरा २ महिना भित्र पनि उठाई नलगेमा जिल्ला वन कार्यालयले उक्त काठ दाउरा जफत गरी लिलाम विक्री गर्नेछ ।

(४) ग्रेडिङ्ग गर्नु नपर्ने प्रजातिका खडा वा सिंगै रुख नै लिलाम गर्दा Stumpage Value को आधारमा मूल्यांकन गरिएको परिमाणभन्दा बढी निस्किएमा बढी भएको परिमाणको थप राजस्व कबोल गरेको प्रति इकाई दर अनुसार बुझाउनु पर्नेछ । तर मूल्यांकन भन्दा कम काठ तथा दाउरा उत्पादन भए पनि कबोल गरिए अनुसार दाखिला गरिएको रकम फिर्ता हुने छैन । यसरी लिलाम गरेको काठ दाउराको करारनामाको नमुना अनुसूची ३(ख) मा समावेस गरिएको छ ।

(५) नियमावलीको अनुसूची-२ को खण्ड (क) मा उल्लेखित ग्रेडिङ्ग गर्नु पर्ने प्रजातिको खडा वा ढलेको रुख कटान मुछान नगरी सिधै लिलाम गर्नु पर्ने भएमा उक्त अनुसूचीको द्रष्टव्य (२) मा उल्लेखित 'बी' ग्रेडको राजस्व दर बमोजिम मूल्यांकन गर्नु पर्नेछ । यसरी गरिएको मूल्यांकनलाई

न्यूनतम अंक मानी विक्री गरिने छ । बोलपत्रदाताले बोलपत्र फाराम दाखिला गर्दा ग्रेड अनुसारको कबोल अंक खुलाई पेश गर्नु पर्नेछ । यसरी लिलाम गरेको काठ दाउराको करारनामाको नमुना अनुसूची ३ (क) मा संलग्न छ ।

(६) उपदफा (६) बमोजिम सकारकर्ताले सकार गरेको सम्पूर्ण रकम दाखिला गरेपछि वन पेशी दिइनेछ । ग्रेडिङ्ग अनुसारको काठ दाउराको सकार दररेट बमेजिमको मूल्यले खामेसम्म सोही अनुसार र अन्यथा कबोल दररेटमा थप रकम लिई छोडपुर्जी दिनु पर्नेछ ।

(७) जरा ठुटासँग जोडिएको काठको मूल्य नियमावलीको अनुसूची-२ को खण्ड (ख) अनुसार लिनु पर्नेछ ।

## परिच्छेद-५
## वेवारिसी तथा दरियाबुर्दी काठ सम्बन्धी व्यवस्था

२०. **वेवारिसी तथा दरियाबुर्दी काठ सम्बन्धी व्यवस्थाः** (१) नदी तथा खोलानालाले बगाई ल्याएको, किनारा लागेको, अड्केको, डुवेको, टाँचा लागेको वा नलागेको र कुनै हक प्रमाण नपुगेको काठ नेपाल सरकारको सम्पत्ति ठहरिनेछ ।

(२) उपदफा (१) बमोजिमका सवै काठहरु जिल्ला वन अधिकृतले सुरक्षित घाटगद्दी वा डिपोमा जम्मा गरी राख्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम डिपोमा जम्मा हुन आएको काठको किसिम र परिमाण खुलाई कुनै व्यक्ति वा संस्थाबाट हकदावीको लागि सम्वन्धित जिल्ला वन कार्यालयले १५ दिनको म्याद दिई सूचना प्रकाशित गरी जिल्ला वन कार्यालयका अतिरिक्त जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, सम्बन्धित गाऊँ विकास समिति वा नगरपालिका र मालपोत कार्यालय समेतमा टाँस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सम्वन्धित व्यक्ति वा संस्थाले आफ्नो हकदावीको सवुद प्रमाण सहितको निवेदन जिल्ला वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पर्न आएको निवेदनउपर जिल्ला वन अधिकृतले छानविन गरी गराई निवेदकको हकदावी पुग्ने वा नपुग्ने निर्णय गरी सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ । कसैको हकदावी पुगेको ठहरेमा जिल्ला वन कार्यालयले आफ्नो लागत खर्च निजबाट असूलउपर गरी निजलाई काठ उपलव्ध गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम जिल्ला वन अधिकृतले हकदावी नपुग्ने भनी गरेको निर्णयमा चित्त नबुभने व्यक्ति वा संस्थाले निर्णयको सूचना प्राप्त भएको मितिले ३५ दिन भित्र सम्वन्धित क्षेत्रीय वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ । यस विषयमा क्षेत्रीय वन निर्देशकले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(७) जिल्ला वन कार्यालयले उपदफा (२) बमोजिम रोक्का गरेको काठ सडीगली, नोक्सानी भई घट्न गएको खण्डमा कुनै व्यक्ति वा संस्थाले उक्त नोक्सानीको हर्जाना नेपाल सरकार वा जिल्ला वन अधिकृतबाट दावी गर्न पाउने छैन ।

(८) उपदफा (५) बमोजिम कसैको हकदावी नपुग्ने निर्णय भएको काठ दाउरा जिल्ला वन अधिकृतले आँफै विक्री वितरण गर्न वा तोकिए बमोजिम विक्री वितरण गर्न समिति वा संस्थानलाई उपलब्ध गराउन सक्नेछ ।

(९) जङ्गल क्षेत्रमा भएको दरियाबुर्दी काठको लगत राखी जिल्ला वन कार्यालयले नै सङ्कलन गरी नियमानुसार लिलाम विक्रीको व्यवस्था गर्नु पर्नेछ । जिल्ला वन कार्यालय आफैले विक्री वितरण नगरी प्रचलित राजस्व तथा संकलन खर्च लिई समिति वा संस्थानलाई पनि उपलब्ध गराउन सक्नेछ । यस्तो दरियाबुर्दी काठ दाउराको विक्री वितरणबाट प्राप्त हुने रकममध्ये संकलन खर्च कटाई पचास प्रतिशत रकम जिल्ला विकास समितिको कोषमा उपलब्ध गराई बाँकी रकम सर्वसञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(१०) आवादी क्षेत्रका नदी खोलामा भएको दरियाबुर्दी काठको जिल्ला वन कार्यालयले लगत लिई सङ्कलन गराई जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा स्थानीय विकास अधिकारी र जिल्ला वन अधिकृत सदस्य रहेको समितिले लिलाम विक्रीको व्यवस्था गर्नेछ । यस्तो दरियाबुर्दी काठको विक्री-वितरणबाट प्राप्त हुने राजस्व रकम मध्ये पचास प्रतिशत रकम सम्वन्धित जिल्ला विकास समितिको कोषलाई उपलब्ध गराई बाँकी रकम सर्वसञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(११) यसरी वेवारिसी वा दरियाबुर्दी काठको विक्री वितरणबाट सम्वन्धित जिल्ला विकास समितिको कोषमा जम्मा भएको रकम मध्येबाट पचास प्रतिशत रकम जिल्ला विकास समितिले जिल्ला वन कार्यालयको समन्वयमा जिल्ला भित्रको वन तथा वातावरण संरक्षण र वन विकास सम्बन्धी निश्चित योजना वनाई सो योजना कार्यान्वयनमा अनिवार्यरुपमा खर्च गर्नु पर्नेछ । योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन क्षेत्रीय वन निर्देशनालयबाट हुनेछ ।

(१२) दरियाबुर्दी काठ कार्तिक महिनादेखि जेठ १५ गतेभित्र सङ्कलन तथा घाटगद्दी गर्नु पर्नेछ । यसरी संकलित काठको समयमा नै विक्री वितरण गरी घाटगद्दीबाट उठाई सक्नु पर्नेछ ।

(१३) जिल्ला वन कार्यालयले वन पैदावारको विक्री वितरणबाट जिल्ला विकास समितिलाई उपलब्ध गराएको रकमको विवरण वार्षिक रुपमा क्षेत्रीय वन निर्देशनालय र वन विभागमा पठाउनु गर्नु पर्नेछ ।

परिच्छेद-६

## संस्थान र समितिलाई काठ दाउरा उपलब्ध गराउने सम्बन्धी व्यवस्था

**२१. संस्थानलाई काठ दाउरा उपलब्ध गराउने व्यवस्था:** (१) प्रत्येक जिल्लाको बार्षिक उत्पादन हुनसक्ने परिमाणको आधारमा संस्थानलाई बार्षिक रुपमा उपलब्ध गराउन सकिने काठ दाउराको परिमाण नेपाल सरकारले निर्धारण गर्नेछ ।

(२) प्रत्येक जिल्लाको लागि नेपाल सरकारले निर्धारण गरेको परिमाणमा नबढ्ने गरी दफा ४ वमोजिम प्लट निर्धारण भई दफा ५ बमोजिम छपान भएका प्लटहरु मध्येबाट संस्थानसंग सम्झौता गरी माघ मसान्तसम्म प्लट तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(३) उपरोक्त बमोजिम उपलब्ध हुने प्लटहरुबाट संस्थानको नियमानुसार संस्थान आफैले वा आफ्नो जिम्मेवारीमा ठेक्कापट्टाबाट काठ दाउरा सङ्कलन गर्नेछ ।

(४) संस्थान आफैले वा आफ्नो जिम्मेवारीमा ठेक्कापट्टाबाट काठ दाउरा सङ्कलन कार्य गर्दा समेत परिच्छेद २ र ३ को दफा ४ देखि १६ सम्मको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(५) प्लटमा काम गर्दा वन सम्बन्धी ऐन, नियम र निर्देशिकाहरुको पूर्णत: पालना गर्नु पर्नेछ ।

(६) संस्थानले संकलन गरेको काठ दाउरा तोकिए बमोजिम बिक्री वितरण गरिनेछ ।

**२२. जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ दाउरा उपलब्ध गराउने व्यवस्था:** (१) जिल्ला वन कार्यालयले दफा ४ बमोजिम प्लट निर्धारण भई दफा ५ बमोजिम छपान भएका प्लटहरु मध्येबाट प्लट हस्तान्तरण गरी वा आँफैले संकलन गरेको वा संस्थान वा समितिबाट संकलन गराएको मध्येबाट आवश्यकता र उपलब्धताका आधारमा जिल्ला वन पैदावार आपूर्ती समितिलाई काठ दाउरा उपलब्ध गराउनेछ ।

(२) समितिले काठ दाउरा संकलन गर्न पाएको प्लट आफैले वा आफ्नो जिम्मेवारीमा ठेक्का पट्टाबाट काठ दाउरा सङ्कलन कार्य गर्दा समेत परिच्छेद २ र ३ को दफा ४ देखि १६ सम्मको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(३) समितिले वन विभागबाट स्वीकृत वार्षिक कार्ययोजना अनुसार जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि, निर्देशिका बमोजिम काठ दाउरा बिक्री वितरण गर्नु पर्नेछ ।

परिच्छेद-७

## अन्य क्षेत्रमा काठ दाउरा आपूर्ति गर्ने सम्बन्धी व्यवस्था

**२३. समिति वा संस्थान नभएका जिल्लाहरुमा काठ दाउरा आपूर्ति गर्ने सम्बन्धी व्यवस्था:** (१) समिति वा संस्थान नभएको र सामुदायिक वनबाट आपूर्ति हुन नसक्ने अवस्थामा जिल्ला वन कार्यालयले स्वीकृत वन कार्ययोजनाको अधीनमा रही घरकाज, कृषि औजार, दैवीप्रकोप राहत प्रयोजन र जनसहभागिताद्वारा संचालन गरिने विकास निर्माण कार्यको लागि काठ तथा दाहसंस्कार, घरकाज र धार्मिक कार्यको लागि दाउरा उपलब्ध गराउन सक्नेछ ।

(२) समिति वा संस्थानले काम गरेको जिल्लाको डिपोबाट काठ उपलब्ध हुन नसक्ने पहाडी भेगमा समेत उपदफा (१) बमोजिम काठ दाउरा उपलब्ध गराईनेछ ।

(३) घरकाज प्रयोजन र प्राकृतिक प्रकोप पीडितका लागि नियमानुसारको मूल्य लिई निम्न बमोजिमको काठ दाउरा उपलब्ध गराईनेछ ।

(क) घर निर्माण: सम्बन्धित गाविसको सिफारिस/नगरपालिकाको स्वीकृत नक्शा सहितको सिफारिसको आधारमा स्थानीय रुपमा उपलब्ध विभिन्न प्रजातिका गोलिया काठ बढीमा २०० क्यू.फि. सम्म ।

(ख) घर मर्मत सुधार: गोलिया काठ बढीमा ५० क्यू.फि. सम्म । यस प्रयोजनको लागि एकपटक काठ उपलब्ध गराएपछि ३ वर्षसम्म काठ उपलब्ध गराइने छैन ।

(ग) जनसहभागिताद्वारा सञ्चालन गरिने विकास निर्माण: स्वीकृत लगत इष्टिमेट प्राप्त भएपछि गोलिया काठ बढीमा ३०० क्यू.फि.सम्म ।

(घ) प्राकृतिक प्रकोप: स्थानीय स्तरमा उपलब्ध विभिन्न प्रजातिका गोलिया काठ ५० क्यू.फि. सम्म ।

(ङ) कृषि औजार (हलो / जुवा / हेंगा): गोलाई ४ फि.सम्म भएको गोलिया काठ बढीमा १० क्यू.फि. सम्म ।

(च) दाउराको हकमा उपलब्ध भएसम्म घरकाज, दाह संस्कार तथा धार्मिक एवं सांस्कृतिक कार्यका लागि प्रति परिवार बढिमा १ चौथाई चट्टासम्म ।

(छ) विशेष परिस्थितिमा नेपाल सरकारले निर्णय गरी छुट्टै परिमाण तथा काठको साइज समेत निर्धारण गरेमा सोही अनुसार हुनेछ ।

(४) यस परिच्छेद अनुसार काठ दाउरा उपलब्ध गराउँदा स्वीकृत वन कार्ययोजनाको अधीनमा रही सकेसम्म ढलापडा तथा सुखड खडाबाट उपलब्ध गराउनु पर्नेछ ।

(५) दुर्गम क्षेत्र विकास समितिले दुर्गम क्षेत्र भनी तोकेका अनुसूची-१२ बमोजिमका जिल्ला र दुर्गम क्षेत्रमा पर्ने भनी तोकिएका गाउँ विकास समिति वा नगरपालिकाहरुमा निम्नानुसारको कार्यविधि अपनाई वन कार्ययोजनाको अधीनमा रही जिल्ला वन कार्यालयले फर्निचर उद्योगहरुलाई नियमानुसारको मूल्य लिई निम्न अनुसारको परिमाणमा काठ उपलब्ध गराउन सक्नेछ:

(क) वार्षिक रुपमा विभिन्न जातका सुखड, ढलापडा रुखबाट बढीमा २०० क्यू.फि. सम्म ।

(ख) माथि (क) मा उल्लेखित परिमाण एकै पटकमा उपलब्ध नगराई प्रथम पटक १०० क्यू.फि. र उद्देश्य अनुरुप उक्त काठ सदुपयोग भए नभएको अनुगमन गरी सदुपयोग भएको पाइएमा बाँकी काठ उपलब्ध गराइनेछ ।

(ग) दफा २३ को उपदफा (५) (क) र (ख) अनुसार उपलब्ध भएको काठबाट फर्निचर मात्र तयार गर्नु पर्नेछ ।

(६) विकट हिमाली एवं पहाडी जिल्लाहरुमा ठेक्का पट्टाबाट निर्माण गरिने विकास निर्माण कार्यको लागि जिल्ला वन अधिकृतले वन विभागको पूर्व स्वीकृतिमा स्वीकृत वन कार्ययोजनाको अधीनमा रही उपलब्ध भएसम्म लागत अनुमान अनुसारको काठ राजस्व मूल्यमा नघट्ने गरी निजले ठेक्का पट्टामा कबोल गरेको काठको मूल्यमा उपलब्ध गराउन सक्नेछ ।

(७) यस परिच्छेद बमोजिम काठ दाउरा उपलब्ध गराउँदा मूल्याङ्कन गरी माग बमोजिमको परिमाणमा नबढ्ने गरेर खडा वा ढलापडा रुख नै कटान गरी लैजान सम्वन्धित व्यक्ति वा संस्थालाई जिल्ला वन अधिकृतले इजाजत दिन सक्नेछ ।

परिच्छेद-८

## धार्मिक तथा दाहसंस्कार कार्यको लागि काठ दाउरा आपूर्ति सम्बन्धी व्यवस्था

**२४. धार्मिक कार्यको लागि काठ दाउरा आपूर्ति सम्बन्धी व्यवस्था:** (१) वन कार्ययोजनाको अधीनमा रही परम्परा देखि चलिआएको धार्मिक कार्यको लागि काठ दाउरा माग भएको अवस्थामा नेपाल सरकारबाट निर्णय भई आएमा माग बमोजिमको काठ दाउरा जिल्ला वन अधिकृतले नि:शुल्क रुपमा उपलब्ध गराउनेछ ।

(२) धार्मिक कार्यको लागि उपलब्ध गराएको काठ दाउराको परिमाणको लगत जिल्ला वन कार्यालयले वन विभागमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा पठाउनु पर्नेछ ।

(३) यसरी उपलब्ध गराईएको काठ दाउरा तोकिएको कार्य बाहेक अन्य कार्यमा प्रयोग गर्न पाइने छैन ।

(४) दाहसंस्कार र धार्मिक कार्यको लागि आवश्यक पर्ने काठ दाउराको हकमा वर्षभरी नै सङ्कलन गरी उपलब्ध गराउन सकिनेछ ।

परिच्छेद-९

## जडीबुटी तथा अन्य वन पैदावारको संकलन तथा विक्री वितरण सम्बन्धी व्यवस्था

**२५. वन व्यवस्थापन कार्ययोजनामा उल्लेख हुनुपर्ने:** (१) कुनैपनि जडीबुटी तथा अन्य वन पैदावार संकलन तथा विक्री वितरण गर्नका लागि जिल्लाको वन व्यवस्थापन कार्ययोजनामा उक्त प्रजातिको संरक्षण, विकास तथा व्यवस्थापनको विषय र बार्षिक संकलन गर्न सकिने परिमाण उल्लेख भएको हुनु पर्नेछ ।

(२) जिल्लाको वन व्यवस्थापन कार्ययोजनामा तोकिएको बार्षिक संकलन गर्न सकिने परिमाण भन्दा बढी वन पैदावार संकलन गर्न ईजाजत दिईने छैन ।

**२६. जडीबुटी तथा अन्य वन पैदावारको संकलनका लागि निवेदन दिनुपर्ने:** (१) कुनै पनि जडीबुटी वा अन्य वन पैदावार संकलन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले संकलन गर्न चाहेको वनक्षेत्र, चौहद्दी, वन पैदावारको नाम, संकलन अवधि, संकलन गर्ने परिमाण, संकलनको तरिका र प्रयोजन खोली जिल्ला वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा सो वन पैदावार संकलन गर्न प्रचलित कानुनले बन्देज नलगाएको भएमा जिल्ला वन अधिकृतले जिल्लाको वन व्यवस्थापन कार्ययोजना तथा संकलन गरिने वन पैदावारको उपलब्धता र संकलन गर्न उपयुक्त समय समेतलाई विचार गरी बढीमा दुई महिनाको म्याद दिई संकलनको इजाजत दिन सक्नेछ । यसरी संकलन ईजाजत दिंदा वन पैदावारको किसिम अनुसार नियमावलीको अनुसूची-३ र ६ बमोजिमको दस्तुर अग्रिमरुपमा लिई राजस्वमा दाखिला गर्नु पर्नेछ ।

(३) संकलनकर्ता आफूले संकलन गरेको वन पैदावार जिल्ला वन अधिकृतले तोकेको स्थानमा

घाटगद्दी गर्नु पर्नेछ । अर्को जिल्लामा घाटगद्दी गर्न पाईने छैन । जिल्ला वन कार्यालयले सम्बन्धित सेक्टर/इलाका वन कार्यालयबाट घाटगद्दीमा भएको वन पैदावारको नापतौल मुचुल्का प्राप्त भएपछि नियमानुसार लाग्ने कर र थप रकम लिनु पर्ने भए सो समेत दाखिला गर्न लगाई स्वदेश भित्र जुनसुकै स्थानमा लैजान पाउने गरी छोडपुर्जी उपलब्ध गराउनु पर्नेछ । यदि संकलनकर्ताले विदेश निकासी गर्न चाहेमा प्रचलित कानुनले विदेश निकासी गर्न प्रतिबन्ध नलगाएको भएमा कानुनको प्रकृया पूरा गरी विदेश निकासी गर्न जिल्ला वन अधिकृतले सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ ।

(४) जिल्ला वन कार्यालयबाट ईजाजत प्राप्त भएको वन पैदावार सम्बन्धित इलाका वन कार्यालयको रेन्जर वा सोभन्दा माथिल्लो दर्जाको वन प्राविधिक कर्मचारीबाट वन पैदावार राखिएका बोरा वा साधन वा सम्भव भएसम्म बन्द कन्टेनरमा सिलबन्दी गरी सक्कल छोडपुर्जीमा दरपीठ गराएर मात्र ओसारपसार गराउनु पर्नेछ ।

(५) वन पैदावार संकलन ईजाजतमा उल्लेखित परिमाण भन्दा दश प्रतिशतसम्म बढी भएमा जिल्ला वन अधिकृतले थप लाग्ने राजस्व रकम लिई छोडपुर्जी उपलब्ध गराउन सक्नेछ । तर दश प्रतिशत भन्दा बढी भएमा बढी भएजति वन पैदावार जफत गरी वन ऐन बमोजिम कारवाही हुनेछ ।

(६) नियमानुसार संकलन गरी छोडपुर्जी पाई तोकिएको स्थानसम्म स्थानान्तरण गरी भण्डारण गरिएको वन पैदावार अन्यत्र लैजान चाहेमा भण्डारण भएको जिल्लाको जिल्ला वन अधिकृतले चेकजाँच गरी स्थानान्तरण सहमति दिन सक्नेछ ।

(७) जडीबुटी तथा अन्य वन पैदावारमा आधारित उद्योगले संकलन वा खरिद गरी प्राप्त गरेको कच्चा पदार्थको स्टक विवरण उद्योग रहेको जिल्लाको जिल्ला वन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ । यसरी प्राप्त स्टकबाट उत्पादित वा प्रशोधित वस्तुको आधिकारीक निकायबाट निर्धारीत मापदण्ड (कति इकाइ कच्चा पदार्थबाट के कति, कुन कुन, प्रशोधित वस्तु उत्पादन हुने हो) बमोजिमको प्रशोधित वस्तु उद्योगले आफ्नो विल विजकको आधारमा देश भित्र विक्री गर्न सक्नेछ । प्रशोधनमा उपयोग भएको कच्चा पदार्थ र सोबाट उत्पादित वस्तुको परिमाण सहितको विवरण उद्योगले मासिकरुपमा सम्बन्धित जिल्ला वन कार्यालयमा बुझाउनु पर्नेछ ।

**२७. बोलकबोल प्रथाद्वारा लिलाम विक्री गर्न सकिने:** (१) जिल्ला वन अधिकृतले जिल्लाको स्थानीय अवस्था र उपलब्ध परिमाण, कार्ययोजनामा उल्लेखित परिमाण र वन पैदावार पाईने क्षेत्र समेतलाई बिचार गरी नियमावलीको अनुसूची-६ मा उल्लेखित देहाय बमोजिमका वन पैदावारहरुको संकलन तथा विक्री वितरण नियमावलीको नियम १४(३) बमोजिम गर्न सक्नेछ ।

| | | | |
|---|---|---|---|
| क. बाबियो | ख. सल्लाको खोटो | ग. साधारण ढुंगा | घ. सालको बीऊ |
| ङ. तेन्दुपात | च. बालुवा | छ. ग्रावेल | |

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि ढुंङ्गा, गिट्टी, बालुवा संकलन तथा विक्री वितरणका लागि नेपाल सरकारले निर्णय गरी एकद्वार प्रणाली लागू भएको अवस्थामा सोही बमोजिम हुने र ठेक्का नलागेको अवस्थामा नियमावलीको अनुसूची ६ बमोजिमको दस्तुर लिई घरकाज तथा जनसहभागितामा संचालन हुने विकास निर्माण कार्यको लागि ढुंङ्गा, गिट्टी, बालुवा उपलब्ध गराउन वाधा पुग्ने छैन ।

परिच्छेद-१०

## काठ दाउरा लिलाम विक्री सम्बन्धी व्यवस्था

**२८. लिलाम विक्री गरिने काठ दाउराहरुः** (१) देहायको स्रोतबाट प्राप्त हुने काठ दाउराहरु मध्ये जिल्ला वन पैदावार आपूर्ति समिति तथा नेपाल सरकारले तोकेका संस्थाहरुलाई तोकिएको परिमाण छुट्याई बाँकी काठ दाउरा लिलाम विक्री गरिनेछ ।

क. सरकारद्वारा व्यवस्थित वनको स्वीकृत वन व्यवस्थापन योजना कार्यान्वयन गर्दा प्राप्त हुने काठ दाउराहरु,

ख. प्राकृतिक प्रकोपको कारण हटाउनु पर्ने रुखहरुबाट प्राप्त हुने काठ दाउराहरु,

ग. विभिन्न सरकारी निकाय तथा संघ संस्थाबाट जिल्ला वन कार्यालयलाई हस्तान्तरण हुन आएका काठ दाउराहरु,

घ. पुनर्वास वा बसोबास गराउनको लागि नेपाल सरकारद्वारा प्रदान गरिएको जग्गामा रहेका रुखहरु कटान गरी आउने काठ दाउराहरु,

ङ. चक्ला वन व्यवस्थापन तथा साझेदारी वन व्यवस्थापन योजना कार्यान्वयन गर्दा नेपाल सरकारलाई प्राप्त हुने काठ दाउराहरु,

च. संरक्षित वनको कार्ययोजना कार्यान्वयनबाट प्राप्त हुने काठ दाउराहरु,

छ. ऐनको दफा ६८ बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्दा हटाउनु पर्ने भई नेपाल सरकारबाट कटान गर्नको लागि स्वीकृत भएका खडा रुखहरु कटानबाट प्राप्त हुने काठ दाउराहरु,

ज. सालवसाली रुपमा जिम्मेवारी सर्दै आएका काठ दाउराहरु,

झ.कानुनी कारवाहीको सिलसिलामा जफत भई अदालत वा मुद्दा हेर्ने अधिकारीबाट लिलाम विक्री गर्ने आदेश/फैसला भएका काठ दाउराहरु,

ञ. खोलानालाले बगाई ल्याएका दरियाबुर्दी वा दहत्तर बहत्तर काठ दाउराहरु, र

ट. बेवारिसे वरामद भई जफत भएका काठ दाउराहरु ।

(२) वन व्यवस्थापन तथा विभिन्न विकास निर्माण कार्य गर्दा हटाउनुपर्ने, छिटो सडीगली जानसक्ने जातका रुखहरु छिटो छरितो कटान गर्नुपर्ने र विकट ठाउँमा कटान गरी घाटगद्दी गर्न असजिलो हुने प्लटहरुको खडा रुख नै अधिकार प्राप्त अधिकारीले काठ दाउरा मूल्याङ्कनको आधारमा प्रचलित कानुनको परिधि भित्र रही लिलाम विक्री गर्न सक्नेछ । यसरी खडा रुख लिलाम विक्री गर्दा परिच्छेद-३ र ४ मा उल्लेखित काठ दाउराको संकलन, घाटगद्दी सम्बन्धी र राजस्व असुली सम्बन्धी सम्पूर्ण व्यवस्थाहरुको पालना गर्नु पर्नेछ ।

**२९. लट निर्धारण सम्बन्धी व्यवस्थाः** (१) परिच्छेद-४ को दफा १९ को उपदफा (१) बमोजिमको रुख विक्रीको लागि प्लटलाई नै लट कायम गरिनेछ ।

(२) घाटगद्दी गरेका काठ दाउराको लट निर्धारण गर्दा देहाय बमोजिम हुनेछ ।

(क) जिल्ला वन कार्यालयले विभिन्न क्षेत्रबाट घाटगद्दीमा उपलब्ध हुन आएका काठ दाउरा

मध्येबाट बढीमा १५०० क्यू.फि.सम्मका काठको जात, थान, ग्रेड सहितको परिमाण उल्लेख गरी लट बनाउनु पर्नेछ । यसरी लट बनाउँदा प्रत्येक लटमा सबै ग्रेड र प्रजातिका काठहरु पर्ने गरी बनाउनु पर्दछ । तर बेवारिसी, जफती र मुद्दामा बरामद काठ दाउराको हकमा उपरोक्त उल्लेख भएको व्यवस्थाले असर पार्ने छैन ।

(ख) एउटै जिल्लाबाट एक आर्थिक वर्षमा उत्पादन भएको काठ दाउराको क्रमानुसार लट बनाउनु पर्छ । लट बनाई सकेपछि प्रत्येक लटको सङ्कलन आर्थिक वर्ष, लट बनाएको मिति, घाटगद्दीको नाम र लट नम्बर समेत चक/इनामेलले लेखी उल्लेख गर्नु पर्नेछ ।

**३०. काठ दाउराको लिलाम विक्रीका लागि न्यूनतम मूल्य निर्धारण, राजस्व र लागत खर्च असुली:** (१) यस निर्देशिका बमोजिम संकलन गरी घाटगद्दी गरिएका काठ दाउरा, बेवारिसे तथा मुद्दामा बरामद भएका काठ दाउराको न्यूनतम मूल्य निर्धारण गर्दा नियमावलीको अनुसूची-२ मा तोकिएको प्रति इकाई मूल्यको आधारमा हुन आउने रकमलाई न्यूनतम मूल्य कायम गरिनेछ ।

(२) सबै प्रकारको काठ दाउराको संकलन गर्दा लागेको खर्च सकारकर्ताबाट छुट्टै असूल गरिनेछ । यस्तो रकम असूल गर्दा संकलन खर्च यकिन भएको हकमा सोहि बमोजिम र यकिन नभएकोमा प्रचलित जिल्ला दररेट बमोजिम हुनेछ ।

(३) संकलन कार्यको लागि बजेटको व्यवस्था नभई अन्य स्रोतबाट सापटी लिई खर्च गरिएको भए त्यस्तो रकम उपदफा (२) बमोजिम प्राप्त रकमबाट सोधभर्ना गरिनेछ । तर नेपाल सरकारबाट बजेट व्यवस्था भई वा अन्य निकाय (जस्तै सडक, विद्युत, नहर आदि) को लागतमा संकलन गरिएको भए प्राप्त संकलन खर्च बापतको सम्पूर्ण रकम राजस्वमा दाखिला गर्नुपर्नेछ ।

(४) खडा रुख नै लिलाम भएको वा नियमावली को अनुसूची-६ बमोजिमका अन्य वन पैदावारको वन क्षेत्रबाट नै लिलाम भएको अवस्थामा सम्वन्धित सकारकर्ताले आफ्नै लगानीमा संकलन गर्नु पर्नेछ ।

**३१. लिलाम विक्री गर्ने तरिका:** लिलाम गर्ने वन पैदावारहरुको परिमाण र अवस्था हेरी डाँक बढावढ वा बोलपत्र प्रथाद्धारा लिलाम विक्री गर्नु पर्दछ ।

(क) पचास हजार रुपैयासम्म न्यूनतम मूल्य कायम भएका वन पैदावारहरु डाँक बढावढ गरी लिलाम गर्न सकिनेछ ।

(ख) पचास हजार भन्दा वढी न्यूनतम मूल्य कायम भएका वन पैदावारहरु बोलपत्र प्रथाद्धारा लिलाम विक्री गरिनेछ ।

**३२. डाँक बढावढ गराएर लिलाम गर्दा ध्यान दिनुपर्ने कुराहरुः** (१) डाँक बढावढ गराउने तरिका निम्नानुसार हुनेछ ।

(क) डाँक बढाबढमा भाग लिने व्यक्ति वा फर्मले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित रु. १०।- को टिकट टाँसी निवेदन दिनुपर्नेछ । कम्तीमा ३ जना डाँक बोल्ने व्यक्ति नभई डाँक बढाबढ शुरु गराउनु हुदैन ।

(ख) डाँक बढाबढ न्यूनतम मूल्यबाट शुरु गराउनु पर्दछ । मूल्य नखुलेका सडीगली जाने वरावद भएका वस्तुहरु लगायत रागा तथा गोरु गाडा, साइकल, ठेला, वन्चरो, हँसिया

आदिको पंञ्चकृते मूल्य कायम गरी डाँक बढाबढबाट लिलाम गर्न सकिने छ ।

(ग) डाँक बढाबढमा सहभागी हुने सबै प्रतिस्पर्धीहरुबाट बढाबढ पूर्व न्यूनतम मूल्यको ५ प्रतिशतले नगद धरौटी लिनु पर्दछ ।

(घ) डांक बढाबढमा भाग लिएका बढी अङ्क कबोल गर्ने माथिल्लो तीन डाँक बढाबढकर्ताबाट कबोल अंकको कम्तीमा १० प्रतिशतले नगद धरौटी लिनु पर्नेछ । तर दोश्रो र तेश्रो कबोलवालाको कबोल अङ्क पहिलो भन्दा क्रमश: १० र २० प्रतिशत भन्दा घटी भएमा धरौटी माग गरिने छैन ।

(ङ) अन्य प्रतिस्पर्धीहरुबाट खण्ड (ग) बमोजिम लिइएको नगद धरौटी डाँक बढाबढ समाप्त भई खण्ड (घ) बमोजिम धरौटी जम्मा गरेपछि त्यसै बखत फिर्ता गरिनेछ ।

(च) डाँक बढाबढ सम्पन्न भएपछि सबै भन्दा बढी कबोल अङ्कलाई यो नै अन्तिम अङ्क भयो भनी घोषणा गर्नु पर्दछ । त्यसपछि उपस्थित सबैको रोहवरमा अधिकतम डाँक बोल्ने तीन व्यक्तिहरुको क्रम अनुसार नाम, ठेगाना र कबोल अङ्क उल्लेख गरी अनुसूची-१३ अनुसारको ढाँचामा मुचुल्का गराउनु पर्नेछ । कवोलवालालाई सोही दिन सात दिनको म्याद दिई कवोल अंक दाखिला गर्न जानकारी गराउनु पर्नेछ ।

(२) तोकिएको म्यादभित्र पहिलो कवोलवालाले वन पैदावार उठाउन नआएमा निजले राखेको धरौटी जफत गरी दोश्रो वढी कवोलवालाको वोल स्वीकृत गर्न सकिने छ । दोश्रो कवोलवालाको वोल स्वीकृत भएमा सात दिन भित्र वन पैदावार उठाउन सूचना दिनु पर्नेछ । दोश्रोले पनि तोकिएको म्याद भित्र नउठाएमा निजको समेत धरौटी जफत गरी तेश्रो कवोलवालाको वोल स्वीकृत गर्न सकिने छ । तेश्रो कवोलवालाको वोल स्वीकृत भएमा निजलाई समेत सात दिन भित्र लिलाम गरिएको वन पैदावार उठाउन सूचना गरिने छ । तर दोश्रो र तेश्रो कवोल अंक धरौटी जफत गरी जोड्दा क्रमश: पहिलो र दोश्रोले कबोल गरेको मूल्य भन्दा कम हुनु हुदैन । यसरी गर्दा पनि लिलाम हुन नसकेमा पु:न लिलाम गर्नु पर्नेछ ।

(३) अधिकार प्राप्त अधिकारीमा वन पैदावार लिलाम विक्रीको सिलसिलामा कबोल भएको डाँकको स्वीकृति गर्ने वा नगर्ने अधिकार निहित रहनेछ । प्रत्येक लटको डाँक बढाबढमा कम्तीमा ३ वटा व्यक्ति वा फर्मले भाग लिएमा पूर्ण प्रतिस्पर्धा भएको मानिनेछ । डाँक बढाबढमा भाग लिने व्यक्ति वा फर्म ३ भन्दा कम भएमा पुन: सूचना प्रकाशन गरी डाँक बढाबढ गर्नु पर्नेछ ।

(४) डाँक बढाबढबाट लिलाम गरिने वन पैदावारको हकमा चालु आर्थिक बर्षको कुन कुन महिनाको कुन कुन दिन डाँक बढाबढ गर्ने हो सोको कार्यतालिका बनाई प्रत्येक आर्थिक बर्षको तेश्रो महिनाभित्र केन्द्रबाट प्रकाशन हुने राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । यसरी कार्यतालिका प्रकाशन भइसकेको अवस्थामा लिलाम विक्रीको सूचना पत्रिकामा प्रकाशित गरिरहनु पर्दैन तर जिल्लास्थित वढी जनसम्पर्क हुने कार्यालयहरु र लिलाम विक्री हुने स्थानीय तहको कार्यालयमा सूचना टाँस गर्न पठाई सार्वजनिक गर्नु पर्नेछ । साथै तत्काल सडीगली जाने वन पैदावार वा माल वस्तुको हकमा सार्वजनिक स्थानमा सूचना टाँस गरी डाँक बढाबढ गर्न सकिनेछ । डाँक बढाबढका लागि सूचनाको ढाँचा अनुसूची-१४ बमोजिम हुनेछ ।

**३३. लिलाम विक्रीका लागि अपनाउनुपर्ने प्रक्रिया:** (१) जिल्ला वन कार्यालयले लिलाम विक्री गर्ने वन पैदावारको न्यूनतम मूल्य एक लाखसम्म भए १५ दिन र सोभन्दा बढी मूल्यांकन भएको वन पैदावारको २१ दिनको म्याद दिई केन्द्रबाट प्रकाशन हुने राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) बोलपत्रको लागि सूचना प्रकाशनको ढाँचा वन पैदावारको किसिम अनुसार अनुसूची-१५ वा १६ वा १७ बमोजिम हुनेछ ।

(३) बोलपत्रबाट लिलाम विक्रीको सूचना प्रकाशित गर्दा केन्द्रबाट प्रकाशन हुने राष्ट्रिय दैनिक पत्रिकाको साथै वन विभाग, सम्बन्धित क्षेत्रीय वन निर्देशनालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, सम्बन्धित स्थानीय तहको कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्लास्थित टि.सि.एन.को कार्यालय, जिल्लास्थित काष्ठ व्यवसायी संघ, सेक्टर/इलाका वन कार्यालयहरु र जिल्ला वन कार्यालय समेतमा सूचना टाँस गर्नु पर्दछ ।

(४) सालबसाली ठेक्काबाट लिलाम विक्री गरिने ढुंङ्गा, गिट्टी, बालुवा र यस्तै अन्य वन पैदावारहरुको विक्रीको सूचना आर्थिक बर्ष शुरु हुनुभन्दा कम्तीमा २ महिना अगावै प्रकाशन गर्नु पर्नेछ ।

**३४. बोलपत्रद्वारा लिलाम विक्री गर्ने:** बोलपत्रद्वारा लिलाम विक्रीका लागि सूचना प्रकाशित गर्दा निम्न कुराहरु खुलाएर सूचना प्रकाशित गर्नुपर्दछ ।

क. बोलपत्र दाखिला गर्ने तरिका,
ख. बोलपत्र दाखिला गर्न सकिने कार्यालयको नाम,
ग. बोलपत्र बापत लाग्ने दस्तुर,
घ. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय,
ङ. बोलपत्र खोलिने मिति, समय र स्थान,
च. अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने कुरा,
छ. बोलपत्रका साथ दाखिला गर्नुपर्ने कागजातहरु,
ज. विक्री सदर भए पछि रकम दाखिला गर्नुपर्ने विषय,
झ. छोडपुर्जी प्राप्त गरेको मितिले वन पैदावार उठाई लग्नुपर्ने अवधि,
ञ. वन पैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने व्यहोरा,
ट. बोलपत्र मान्य नहुने अवस्था,
ठ. शर्त राखिएको बोलपत्र स्वीकृत नहुने कुरा,
ड. बोलपत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरु ।

**३५. बोलपत्रमा भाग लिन पाउने व्यक्ति, फर्म वा कम्पनी:** (१) काठ दाउराको बोलपत्रको प्रतिस्पर्धामा वन पैदावारको कारोबार गर्ने उद्देश्यले दर्ता भई रीतपूर्वकको फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिबृद्धि कर (VAT) दर्ताको प्रमाणपत्र र कर चुक्ताको प्रमाण भएको काष्ठ व्यवसायी वा फर्म वा कम्पनीले भाग लिन पाउनेछन् ।

(२) जडीबुटी तथा अन्य वन पैदावारको बोलपत्रहरुको प्रतिस्पर्धा रीतपूर्वक फर्म दर्ताको

प्रमाणपत्र, स्थायी लेखा नम्बर र कर चुक्ताको प्रमाणपत्र भएको वन पैदावारको कारोबार गर्ने व्यक्ति फर्म वा कम्पनीले भाग लिन पाउनेछन् ।

**३६. बोलपत्र फाराम खरिद गर्नुपर्ने:** (१) बोलपत्र दाखिला गर्न चाहने व्यक्ति, फर्म, कम्पनी, सरकारी वा अर्धसरकारी कार्यालयले लिलाम विक्रीको सूचना प्रकाशित गर्ने जिल्ला वन कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको तथा लिलाम विक्रीका शर्तहरु उल्लेख भएको बोलपत्र फाराम सम्बन्धित जिल्ला वन कार्यालय वा क्षेत्रीय वन निर्देशनालय वा वन विभाग वा सूचनामा उल्लेखित अन्य सरकारी कार्यालयबाट देहाय बमोजिमको रकम तिरी खरीद गर्नुपर्नेछ ।

(क) रु.१ लाखसम्मको न्यूनतम मूल्यको वन पैदावारको लागि रु.३००।-,

(ख) रु.१ लाख देखि १० लाखसम्मको न्यूनतम मूल्यको वन पैदावारको लागि रु.१०००।-, र

(ग) रु.१० लाख देखि माथिको न्यूनतम मूल्यको वन पैदावारको लागि रु.२०००।- ।

(२) बोलपत्र फारमको ढाँचा अनुसूची-१८ मा उल्लेख भए बमोजिम हुनेछ ।

**३७. बोलपत्रको सिलसिलेबार नम्बर सम्बन्धी व्यवस्था:** (१) लिलामको लागि तयार गरिएका बोलपत्र फारामहरुको सिलसिलेवार नम्बर राखी कुन कुन कार्यालयमा कति कति सि.नं. का बोलपत्र फारामहरु विक्रीका लागि पठाईएको हो सोको अभिलेख दुरुस्त राखी बोलपत्र मूल्याङ्कनका बखत भिडान गरी हेर्नु पर्नेछ । यसरी सि.नं. उल्लेख गरी पठाईएका बोलपत्र फारमहरु भन्दा बढी माग भएमा विक्री गर्ने निकायको प्रमुखबाट प्रमाणित गराई (जस्तै ५ देखि १० नम्बरसम्मको बोलपत्र फाराम रहेकोमा १०.१, १०.२......गर्नुपर्ने) विक्री गर्नुपर्नेछ र सोको जानकारी सम्वन्धित कार्यालयलाई पठाउनु पर्नेछ । बोलपत्र फाराम विक्रीबाट प्राप्त रकमको लेखा राखी सोही दिन वा भोलिपल्टै बैंक दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भिडान गर्दा विक्रीका लागि पठाईएको बोलपत्र फाराम र दर्ता हुन आएको बोलपत्र फारामको सिलसिलेवार नम्बर फरक पाईएमा त्यस्तो बोलपत्र फाराम रद्द गर्नु पर्नेछ ।

(३) स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहित गर्न बोलपत्र फाराम खरिद गर्ने समय समाप्त हुनु अगाडी के कति वोलपत्र फाराम को कसले खरिद गरेको छ भन्ने जानकारी सार्वजनिक गरिने छैन ।

**३८. बोलपत्र दर्ता गर्ने तरिका:** (१) बोलपत्र फाराम विक्री भएको र बोलपत्र दर्ता भएको विवरण छुट्टाछुट्टै किताबमा उल्लेख गरी राख्नुपर्नेछ । बोलपत्र फाराम विक्री र दर्ताको समय समाप्त भएपछि कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीले उक्त कितावमा प्रमाणित गरी बन्द गर्नु पर्नेछ ।

(२) बोलपत्र खरिद गर्ने व्यक्ति, फर्म वा कम्पनीले आफूले खरिद गरेकै बोलपत्र सूचनामा व्यवस्था भए बमोजिम सम्वन्धित जिल्ला वन कार्यालय वा क्षेत्रीय वन निर्देशनालय वा वन विभाग वा तोकिएको अन्य सरकारी कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(३) बोलपत्र दर्ता गर्ने अन्तिम समय भुक्तान नभएसम्म के कति बोलपत्र को कसले दर्ता गरेको छ भन्ने जानकारी सार्वजनिक गर्नु हुदैन ।

(४) कुनै लटका लागि एउटा मात्र बोलपत्र परेको रहेछ भने सो बोलपत्रलाई नखोली पुनः

सूचना प्रकाशित गरिनेछ । मुचुल्कामा सोही व्यहोरा जनाउनु पर्नेछ । उक्त बोलपत्र दोस्रो पटक सूचना प्रकाशित गर्दा परेका बोलपत्रहरुसँग मूल्यांङ्कन गरिनेछ ।

(५) बोलपत्र दाखिला गर्दा कबोल अङ्कको दश प्रतिशतले हुन आउने रकमको बैङ्क भौचर वा कम्तीमा छ महिना अवधि भएको बैंक ग्यारेन्टी धरौटीको रुपमा पेश भएको हुनु पर्नेछ । बैंक ग्यारेन्टीको म्याद पाँच महिनाभन्दा कम भएमा ७ (सात) दिनभित्र बैंक ग्यारेन्टी वा बिडबण्डको म्याद थप गर्न लगाई लिलाम स्वीकृति गरिनेछ ।

**३९. बोलपत्र खोल्ने प्रक्रिया:** (१) जिल्ला वन कार्यालयबाट प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु सोही सूचनामा तोकिएको स्थान, मिति र समयमा खोली मुचुल्का बनाई उपस्थित हुने सबैको सहिछाप गर्नु गराउनु पर्नेछ । वन विभाग, क्षेत्रीय वन निर्देशनालय र अन्य सरकारी कार्यालयमा पर्न आएका बोलपत्रहरु प्राप्त भएपछि मात्र एकैपटक सबै बोलपत्रहरु खोल्नुपर्नेछ । बोलपत्र खोल्दा जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, नजिकको कुनै एक सरकारी कार्यालयको प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोल्नुपर्नेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

(२) समय भित्र दाखिला हुन आएका बोलपत्रहरु खोली रीतपूर्वक परेकाको हकमा अनुसूची-१९ बमोजिमको मुचुल्का बनाई उपस्थित प्रतिनिधिहरुको समेत सहीछाप गराई राख्नु पर्दछ ।

(३) पहिलो पटकको सूचनामा लटै पिच्छे कम्तीमा दुईवटा बोलपत्रहरु रीतपूर्वक पेश हुन आएको अवस्थामा पूर्ण प्रतिस्पर्धा भएको मानिनेछ । तर एकमात्र बोलपत्र पर्न आएमा सो बोलपत्रलाई कायमै राखी दफा ४५ बमोजिम पुनः सूचना प्रकाशन गर्नुपर्दछ ।

## परिच्छेद-११
## बोलपत्रको मूल्यांकन सम्बन्धी व्यवस्था

**४०. बोलपत्र मूल्यांकन समितिको गठन:** (१) लिलाम बिक्रीको बोलपत्र मूल्यांकन गर्न जिल्ला वन अधिकृत वा निजले तोकेको कम्तीमा अधिकृतस्तरको प्राविधिक कर्मचारीको संयोजकत्वमा लेखा र प्रशासन समेतका कर्मचारी रहने गरी कम्तीमा तीन सदस्यीय मूल्यांकन समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको समितिले बोलपत्र खोलेको बढीमा ५ दिनभित्र आवश्यक परेमा फिल्ड समेत निरीक्षण गरी जिल्ला वन अधिकृत समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**४१. बोलपत्रको परीक्षण:** (१) मूल्यांकन समितिले बोलपत्रहरुको मूल्यांकन गर्दा देहायका विवरणहरु समेत परीक्षण गर्नु पर्नेछ ।

(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,

(ख) वन पैदावार व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त गरेको प्रमाणपत्रहरु,

(ग) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र,

(घ) सूचनामा तोकेको अवधिसम्मको आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात,

(ङ) सूचनामा उल्लेख भए बमोजिमका अन्य कागजातहरु ।

(२) उपदफा (१) मा उल्लेख गरिए बाहेक देहाय बमोजिमका आधारहरु निर्धारण गरी बोलपत्र पूर्णताको परीक्षण गर्नु पर्नेछ ।

(क) बोलपत्रदाताले बोलपत्रमा कूल सकार रकम उल्लेख नगरी ईकाइ दररेट अंक र अक्षरमा उल्लेख गरेको भए अक्षरको दरलाई मान्यता दिई मूल्याङ्कन गर्दा फरक भए वा नभएको ।

(ख) बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको लटको जम्मा सकार रकममा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुने हुँदा फरक भए वा नभएको ।

(ग) लिलाम कारबाहीमा भाग लिन अयोग्य भए नभएको ।

(घ) बैंक वा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले कालोसूचीमा राखिएको अवधिसम्म लिलाम कारबाहीमा भाग लिन नसक्ने हुँदा कालोसूचीमा रहे नरहेको ।

(ङ) जिल्ला वन कार्यालयबाट विक्री भएको बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र पेश भए नभएको ।

(च) सम्बन्धित फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश गरे वा नगरेको ।

४२. **बोलपत्र मान्य नहुने अवस्था:** (१) कारबाही नहुने भनी छुट्याईएका बोलपत्रहरु बाहेक दाखिला भएका अन्य बोलपत्रहरु मूल्यांकनको लागि समावेस गर्नु पर्नेछ । दाखिला हुन आएका देहाय बमोजिमका बोलपत्रहरु मान्य हुने छैनन् ।

(क) सिलबन्दी भई नआएको,

(ख) सम्बन्धित कार्यालयहरुबाट विक्री नभएको बोलपत्र दाखिला भएको,

(ग) विक्री भएको बोलपत्रको प्रतिलिपि दाखिला गरेको,

(घ) सम्बन्धित निकायबाट प्रमाणित नभएको,

(ङ) जसको नाममा विक्री भएको बोलपत्र फाराम हो उसैको तर्फबाट दाखिला नगरेको,

(च) बोलपत्रदाताको फर्मको छाप र दस्तखत नभएको,

(छ) कबोल अङ्कको दश प्रतिशत रकमभन्दा कमको बैङ्क भौचर वा छ महिना भन्दा कमको बैंक ग्यारेन्टी धरौटीको रुपमा पेश भएको,

(ज) बोलपत्र आह्वानको सूचनामा तोकिएको अन्य शर्तहरु पूरा नभएको,

(झ) बोलपत्रमा कार्यालयको छाप र कार्यालय प्रमुखको दस्तखत नभएको,

(ञ) म्यादभित्र पेश हुन नआएको,

(ट) बोलपत्रको पूर्णता परीक्षण बमोजिम कागजात नभएको,

(ठ) बिक्रीका लागि पठाईएको बोलपत्र फाराम र दर्ता हुन आएको बोलपत्र फारामको सिलसिलेवार नम्बर फरक पाईएमा त्यस्तो बोलपत्र ।

(२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि बोलपत्रमा भएको अन्य अर्थ नलाग्ने सामान्य त्रूटीको आधारमा मात्र बोलपत्र अमान्य हुने छैन ।

**४३. बोलपत्रको मूल्यांकन:** (१) बोलपत्रको मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को बोलपत्रको मूल्यांकित रकमसंग तुलना गरी अनुसूची-२० बमोजिमको तुलनात्मक विवरण बनाई अधिकतम बोल अंक कबोल गर्ने बोलपत्र यकिन गर्नु पर्नेछ ।

(२) अधिकतम बोल कबोल गर्ने बोलपत्रदाताको योग्यता सम्बन्धी कागजातमा मूल्यांकनका आधार अनुरुप भए नभएको जांच गर्नु पर्नेछ ।

(३) अधिकतम अंक कबोल गर्ने बोलपत्रदाताको योग्यता जांच गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाईएमा त्यस्तो बोलपत्र अधिकतम मूल्यांङ्कित बोलपत्र मानिनेछ ।

(४) बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा निजको बोलपत्र मूल्यांकनबाट हटाई क्रमश: अर्को अधिकतम बोल अंक कबोल गर्ने बोलपत्रदाताको योग्यताको जांच सोही आधारमा गर्नु पर्नेछ ।

**४४. बोलपत्र मूल्यांङ्कन प्रतिवेदन:** (१) मूल्यांकन समितिबाट बोलपत्र मूल्यांकनको काम सम्पन्न भैसकेपछि बिस्तृत विवरण सहितको एउटा मूल्यांङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ । प्रतिवेदनमा देहायका कुराहरु समावेस गर्नु पर्नेछ ।

(क) कामको पृष्ठभूमि (कामको नाम, लागत अनुमान, ठेक्का नम्बर, समयावधि, कार्यको आवश्यकता आदि),

(ख) मूल्यांङ्कन समितिको गठन, कार्यक्षेत्रगत शर्त तथा कार्य विवरण,

(ग) बोलपत्रदाताहरुका योग्यताको आधार,

(घ) बोलपत्र सम्बन्धी कागजात तयारी,

(ङ) सूचना प्रकाशन मिति, पत्रिका र पटक,

(च) बोलपत्र खरिदकर्ताहरुको नाम, ठेगाना तथा संख्या,

(छ) बोलपत्रदाताहरुको नाम र ठेगाना,

(ज) बोलपत्रदाताहरुको कुल कबोल रकम र मुद्रा,

(झ) आवश्यक परेमा काठको हैसियत देखिने फोटोहरु ।

परिच्छेद-१२

## बोलपत्र स्वीकृति, पुनर्मूल्यांकन तथा बिमार्का सम्बन्धी व्यवस्था

**४५. पुन: बोलपत्र सूचना प्रकाशन:** (१) पहिलोपटक प्रकाशित सूचना बमोजिम रीतपूर्वक बोलपत्र पर्न नआएमा वा एक मात्र बोलपत्र परेमा वा पहिलो पटकको सूचनामा परेका बोलपत्रहरुमा न्यूनतम मूल्यसम्म पनि कबोल हुन नआएमा कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई पुन: बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(२) पुनः बोलपत्र आह्वान गर्नुपर्दा एउटा मात्र बोलपत्र दाखिला गर्ने अघिल्लो बोलपत्रदाताको बोलपत्रलाई नखोली कायम राखिने छ । तर यसरी कायम राखिएको अवस्थामा बोलपत्रदातालाई चित्त नबुझे आफ्नो बोलपत्र फिर्ता गरी पाऊँ भनी बोलपत्र दाखिला गर्ने निर्धारित म्यादको २४ घण्टा अगाडिसम्म दरखास्त दिएमा निजको बोलपत्र फिर्ता गरिनेछ । साथै त्यस्तो बोलपत्र वापत राखिएको धरौटी समेत फिर्ता हुनेछ ।

(३) प्रथम पटकको सूचनामा प्रतिस्पर्धा हुन नसकी बोलपत्र पुनः माग गर्दा एक वा एकभन्दा बढी बोलपत्र परेमा प्रथम पटकको सूचनामा दाखिला भई कायम रहेको बोलपत्र समेत खोलिनेछ । तर प्रथम पटकको सूचना अनुसार एकमात्र बोलपत्र पर्न आएकोमा सो बोलपत्रलाई नखोली यथावत कायम राखी दोश्रो पटक सूचना प्रकाशन गर्दा पनि कुनै बोलपत्र दाखिला हुन नआएमा प्रथम पटक पर्न आएको एकमात्र रीतपूर्वकको बोलपत्रलाई नै पूर्ण प्रतिस्पर्धा भएको मानी प्रतिनिधिहरुको रोहवरमा त्यस्तो बोलपत्र खोल्न सकिनेछ ।

**४६. बोलपत्र स्वीकृत गर्ने:** (१) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

(२) बोलपत्रहरु स्वीकृत गर्ने अधिकार नियमावली, २०५१ को नियम ६६ को अधिनमा रही हुनेछ ।

(३) बोलपत्रबाट लिलाम विक्री गर्दा रीत पुगेका बोलपत्रहरु मध्ये बढी सकार गर्ने तीन जनाले राखेको धरौटी रोकी सबैभन्दा बढी मूल्य सकार गर्ने सकारकर्ताको बोलपत्र खोलेको मितिले जिल्ला वन अधिकृतको दायरा भित्र पर्नेको हकमा १० (दश) दिन भित्र र वन विभागमा पेश गर्नुपर्ने भएमा जिल्ला वन अधिकृतले किटानी राय सहित ७ (सात) दिन भित्र विभागमा पेश गरी तथा विभागमा प्राप्त भएको मितिले १० (दश) दिन भित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भन्ने निर्णय गरी सक्नुपर्नेछ । विक्री सदर भएको मितिले ७ (सात) दिन भित्र जिल्ला वन कार्यालयले सूचना पाटीमा टाँस गरी स्वीकृत वा अस्वीकृत भएको जानकारी दिनुपर्नेछ । स्वीकृत भएको अवस्थामा सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र रकम दाखिला गरी सक्नुपर्नेछ । पहिलो सकारकर्ताले तोकेको म्याद भित्र रकम दाखिला नगरेमा निजले राखेको धरौटी जफत गरी दोश्रो बढी सकार गर्नेको नामको बोलपत्र स्वीकृत गर्नु पर्नेछ । यसरी दोश्रो बढी सकार गर्नेको नामको बोलपत्र स्वीकृत भएपछि बाटोको म्याद बाहेक १० (दश) दिनको म्याद दिई रकम दाखिला गर्न सूचना प्रकाशित गर्नु पर्नेछ । दोश्रो सकारकर्ताले पनि तोकिएको समयमा रकम दाखिला नगरेमा धरौटी जफत गरी तेश्रो सकारकर्ताको नाममा बोलपत्र स्वीकृत गर्नु पर्नेछ । तेश्रो सकारकर्ताको नाममा बोलपत्र स्वीकृत भएमा ७ (सात) दिनको समय दिई रकम दाखिला गर्न लगाउनु पर्नेछ । निजले पनि तोकिएको समयावधिमा रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी पुनः लिलाम विक्रीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

तर त्यसरी दोश्रो वा तेश्रो सकारकर्ताको वोलपत्र स्वीकृत गर्दा पहिलो सकारकर्ताले सकारेको कवोल अंकमा जफत गरिएको धरौटी रकम घटाउँदा हुन आउने रकम भन्दा कममा वोलपत्र स्वीकृत स्वीकृत गरिने छैन ।

४७. **रकम दाखिला गर्ने जनाऊः** बोलपत्र स्वीकृत भएपछि लिलाम सदर भएको संस्था/फर्म वा व्यक्तिलाई १५ (पन्ध्र) दिन भित्र कबोल गरेको रकम र मूल्य अभिवृद्धि कर लाग्ने भएमा सो समेतको रकम जम्मा गर्ने बारेको जनाऊ दिनुपर्नेछ । जनाऊ पाईसके पछि तोकिएको समय भित्र रकम दाखिला नगरेमा वा मुनासिब कारण देखाई रकम दाखिला गर्ने नगर्ने जानकारी नगराएमा दफा ४६(३) बमोजिमको प्रक्रिया अगाडि बढाइनेछ । लिलाम सकार गर्नेले रकम दाखिला गर्न असमर्थताको लागि दिएको जनाऊ मुनासिब भएमा जिल्ला वन अधिकृतले ७ (सात) दिन सम्मको म्याद थप गर्न सक्नेछ ।

४८. **लिलाम विक्रीबाट प्राप्त रकम जम्मा गर्नेः** दरियाबुर्दी बाहेकका वन पैदावारको लिलाम विक्रीबाट प्राप्त रकम मध्ये ९० प्रतिशत रकम नेपाल सरकारको राजस्व खातामा र १० प्रतिशत रकम जिल्ला विकास समितिको कोषमा जम्मा गर्नु पर्नेछ । दरियाबुर्दीको लिलाम विक्रीबाट प्राप्त रकमको हकमा दफा २० को उपदफा (९) र (१०) बमोजिम गर्नु पर्नेछ ।

४९. **बिमार्का गरी वन पैदावारको छोडपुर्जी दिनुपर्नेः** (१) लिलाम स्वीकृत भई सकार रकम र अन्य दाखिला गर्नु पर्ने रकम सम्बन्धित सकारकर्ताबाट दाखिला भई सके पछि घाटगद्दीमा रहेको वा आएको काठ नाप पैमाइस गरी जिल्ला वन अधिकृतले ७ (सात) दिन भित्र विमार्का गरिदिनु पर्नेछ ।

(२) जिल्ला वन अधिकृतले खटाएको सहायक वन अधिकृत वा सो भन्दा माथिल्लो दर्जाको कर्मचारीले सकारकर्ता वा सम्बन्धित निकायको प्रतिनिधिको रोहवरमा "व.वि...विक्री" टाँचाले विमार्का गर्नु पर्नेछ । दाउराको चट्टा संख्या, नियमानुसार साईजमा भए नभएको उल्लेख गरी चट्टा मुचुल्का तयार गर्नु पर्नेछ । काठ बाहेकका अन्य वन पैदावरको हकमा नियमावलीको अनुसूची ३ र ६ मा उल्लेखित इकाई खुलाई मुचुल्का तयार गर्नु पर्नेछ । मुचुल्का र सो सम्बन्धी कागजपत्र सम्बन्धित कर्मचारीले बाटोको म्याद बाहेक २४ घण्टाभित्र जिल्ला वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मुचुल्का प्राप्त गरिसकेपछि ७ (सात) दिन भित्र नेपाल भित्र माग गरेको ठाउँसम्म कानुन बमोजिम वन पैदावार उठाई लैजान सकारवालाको नाममा बढीमा २१ (एक्काइस) दिनको म्याद दिई लैजाने स्थान समेत उल्लेख गरी अनुसूची-२१ बमोजिमको ढांचामा जिल्ला वन अधिकृतले छोडपुर्जी उपलब्ध गराउनेछ । यसरी इजाजतपत्र प्राप्त गरेपछि सकारकर्ताले म्याद भित्र वन पैदावार घाटगद्दीबाट उठाई लैजानु पर्दछ । विमार्का र छोडपुर्जी भएको वन पैदावार घाटगद्दीमा कुनै कारणले हानि नोक्सानी भएमा जिल्ला वन कार्यालय जवाफदेही हुनेछैन ।

(४) समिति, संस्थान वा साझेदारी वन समूहको लागि बिमार्का तथा छोडपुर्जी भएको काठ दाउराको हकमा तोकिएको अवधि भित्रै घाटगद्दीबाट निकासी गर्ने व्यवस्था समिति, संस्थान वा साझेदारी वन समूहले नै मिलाउनु पर्नेछ ।

(५) घाटगद्दीबाट छोडपुर्जी अनुसारको वन पैदावार ट्रक वा अन्य मालबाहक साधनमा लोड भईसकेपछि सम्बन्धित इलाका वन कार्यालयले लोड भए बमोजिमको नापसाईज र परिमाण खुल्ने गरी वन पैदावारको किसिम अनुसार अनुसूची-२२ वा २३ बमोजिमको ढाँचामा चलानी

पुर्जी उपलब्ध गराउनेछ ।

(६) सकारकर्ताले छोडपुर्जी अनुसारको वन पैदावार जिल्ला बाहिर ओसारपसार गर्नुपरेमा सम्बन्धित सेक्टर वा इलाका वन कार्यालयबाट सिलबन्दीसमेत गराई ओसारपसार गर्नु पर्नेछ । ओसारपसार गर्ने बोझबाहकका साथमा सक्कल छोडपुर्जी र चलानी पत्र अनिवार्यरुपमा हुनु पर्नेछ ।

(७) वन पैदावार लोड भएको वोझबाहक सवारी साधन घाटगद्दी स्थलबाट हिड्नु अगाडि जिल्ला वन कार्यालयले दिएको छोडपुर्जी र चलानी पत्रको आधारमा इलाका वन कार्यालयले पु:न वन पैदावारको चेकजाँच गरी छोडपुर्जीको पहिलो प्रतिको पछाडि दरपीठ गरी छोडिदिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम दरपीठ गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) पहिलो दरपीठ तोकिएको घाटगद्दी वा भण्डारण गरेको स्थानमा सम्वन्धित इलाका वन कार्यालयको कम्तीमा फरेष्टर दर्जाको प्राविधिकले गर्नु पर्नेछ ।

(ख) दरपीठ गर्ने कर्मचारीले वन पैदावारको संख्या, परिमाण, शिल विवरण, वोझवाहकको किसिम र नम्वर छोडपुर्जी तथा चलानी पत्रको पहिलो प्रतिको पछाडि पट्टी उल्लेख गरी नाम, दर्जा, र मिति खुलाई हस्ताक्षर गरी कार्यालयको छाप समेत लगाउनु पर्नेछ ।

(ग) यस दफामा उल्लेख भए बमोजिम दरपीठ नगर्ने वा गलत किसिमले दरपीठ गर्ने र तोकिएको म्याद भित्र छोडपुर्जी, चलानी पुर्जी नदिने अधिकार प्राप्त अधिकारी तथा कर्मचारीलाई विभागीय कारवाही हुनेछ ।

(९) सकारकर्ताले छोडपुर्जी बमोजिमको वन पैदावार तोकिएको म्यादभित्र उठाई लैजानुपर्नेछ । छोडपुर्जीमा उल्लिखित म्याद भित्र वन पैदावार उठाई लैजान नसकिने भएमा उक्त म्याद भित्रै मनासिव माफिकको कारण खुलाई म्यादथपको लागि निवेदन प्राप्त भएमा जिल्ला वन अधिकृतले बढीमा ७ (सात) दिनसम्मको म्याद थप गर्न सक्नेछ ।

(१०) जिल्ला वन अधिकृतले थपेको म्यादभित्र वन पैदावार उठाई लैजान नसकिने भएमा थपिएको म्याद भित्रै पून: म्याद थपको लागि निवेदन दिनु पर्नेछ । यसरी म्याद थपको निवेदन परेमा जिल्ला वन अधिकृतले आफ्नो राय सहित तीन दिनभित्र क्षेत्रीय वन निर्देशक समक्ष पेश गरी क्षेत्रीय वन निर्देशकले आवश्यक ठहर्‍याएमा बढीमा १५ (पन्ध्र) दिन सम्मको म्याद थप गर्न निर्देशन दिन सक्नेछ ।

(११) निर्धारीत अवधिभित्र विक्री प्रक्रिया शुरु नगरी विना कारण काठ दाउरा घाटगद्दीमा राखी काठ दाउराको हैसियतमा ह्रास आएको पुष्ठि हुन आएमा सोको सम्पूर्ण जिम्मेवारी सम्वन्धित निकायको प्रमुखले लिनु पर्नेछ ।

(१२) रकम दाखिला गरी छोडपुर्जी पाएको मितिले दुई महिनासम्म पनि सकारकर्ताले वन पैदावार उठाई नलगेमा सकारकर्तालाई जनाऊ दिई त्यस्तो वन पैदावार जफत गरी पुन: लिलाम विक्री गरिनेछ । यस्तो अवस्थामा सकारकर्ताले दाखिला गरेको कुनै पनि रकम फिर्ता गरिने छैन ।

(१३) सालबसाली संकलन गरिने दफा २७ बमोजिमका वन पैदावारहरुको हकमा करारनामामा उल्लेख भए बमोजिम छोडपुर्जी तथा म्याद थप गरिनेछ । नदी वा खोलानालाको ढुङ्गा, गिट्टी,

बालुवाको हकमा जुन आर्थिक बर्षको लागि ठेक्का लगाईएको हो सोही आर्थिक बर्षको आषाढ मसान्त सम्म मात्र म्याद हुनेछ ।

**५०. वन पैदावार पुनर्मूल्यांकन गरी लिलाम विक्री गर्न सकिने:** (१) साल जातका काठको हकमा तीन पटकसम्म र अन्य जातका काठ र दाउराको हकमा दुई पटकसम्म पनि सूचना प्रकाशन गरी लिलाम विक्री गर्ने प्रयास गर्दा समेत विक्री हुन नसकी काठ दाउराको हैसियतमा ह्रास हुन आएको अवस्थामा देहाय बमोजिमको पुनर्मूल्यांकन समितिले काठको पुन: नापजाँच गरी घाटगद्दीमा रहेको परिमाण यकिन गर्न र काठको हैसियतको आधारमा औचित्य हेरी नियमावलीको अनुसूची-२ को मूल्य भन्दा कम मूल्य कायम पनि गर्न सक्नेछ ।

क. सम्बन्धित क्षेत्रीय वन निर्देशक - संयोजक

ख. सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

ग. कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख - सदस्य

घ. जिल्ला विकास समितिको अधिकृत प्रतिनिधि - सदस्य

ङ. टि.सि.एन.को अधिकृत प्रतिनिधि (टि.सि.एन.ले काम गर्ने जिल्लामा मात्र) - सदस्य

च. जिल्ला वन अधिकृत -सदस्य सचिव

(२) जिल्ला वन कार्यालयले पुनर्मूल्याङ्कन गर्नुपर्ने काठको साविकको नापी र हालको नापी सहितको तुलनात्मक तालिका बनाई पुनर्मूल्याङ्कन समिति समक्ष पेश गर्नु पर्नेछ । तुलनात्मक तालिका तथा स्थलगत निरीक्षणको आधारमा पूनर्मूल्याङ्कन समितिले घाटगद्दीमा रहेका काठहरु सुकेर, कुहिएर वा मक्किएर, धोंद भएर, चर्केर वा फुटेर वा अन्य कुनै कारणबाट साविक नापमा के कति फरक परेको छ भनी यकिन गरी साविक नापी लगतबाट ह्रास भएको परिमाण कटाई हाल नापी भई ठहर हुन आएको परिमाण कायम गर्नेछ । यसरी कायम हुन आएको परिमाणलाई पुनर्मूल्याङ्कन समितिले कायम गरेको प्रति इकाइ न्यूनतम मूल्यले गुणन गरी वन पैदावारको लिलाम विक्री गरिनेछ ।

(३) सामान्यतया कटान मुछान, लोड अनलोड, ढुवानी, चाङ लगाउने जस्ता कार्यहरुमा भएको खर्च घटाईने छैन । तर न्यूनतम मूल्य नतोकी लिलाम विक्री गर्नु पर्ने अवस्था आएमा समितिको सिफारिसमा जिल्ला वन अधिकृतले संकलन खर्च मिन्हाको लागि विभागमा पेश गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम लिलाम विक्री गर्दा पनि विक्री हुन नसकेका काठको हकमा त्यसलाई पुनर्मूल्याङ्कन समितिले दाउरामा परिणत गरी दाउराको परिमाण यकिन गरी लिलाम विक्री गर्न आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम पनि लिलाम विक्री हुन नसके पूनर्मूल्याङ्कन समितिको सिफारिसमा वन विभागको स्वीकृति लिई काठहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा न्यूनतम मूल्य नतोकी लिलाम विक्री गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पनि लिलाम विक्री नभएमा पूनर्मूल्याङ्कन समितिको सिफारिस सहित लगत कट्टाको लागि वन विभागमा पेश गर्नु पर्नेछ ।

(७) जडीबुटी तथा अन्य वन पैदावार तीन पटकसम्म सूचना प्रकाशन गरी लिलाम विक्री गर्ने

प्रयास गर्दा समेत विक्री हुन नसकी वैकल्पिक प्रयोगमा आउन नसक्ने अवस्थामा उपदफा (१) बमोजिमको पुनर्मूल्याङ्कन समितिको सिफारिस सहित लगत कट्टाको लागि वन विभागमा पेश गर्नु पर्नेछ ।

(८) उपदफा (१) बमोजिमको पुनर्मूल्याङ्कन समितिले दफा १३ को उपदफा (२) अनुसार प्राकृतिक प्रकोपमा परी काठ दाउरा हानि नोक्सानी भए नभएको सम्बन्धमा स्थलगत निरीक्षण गरी एकीन विवरण सहित वन विभागमा प्रतिवेदन पठाउने र घाटगद्दीमा हानि नोक्सानी भएको परिमाण खुलेको काठ दाउरा मिन्हा गर्नु पर्ने भएमा सोको सिफारिस समेत गर्नुपर्ने छ ।

परिच्छेद-१३

## काठ चिरान, विक्री वितरण र ओसारपसार सम्बन्धी व्यवस्था

**५१. स:मिल सम्बन्धी व्यवस्था:** (१) विधिवत रुपमा दर्ता भएका स:मिलले जिल्ला वन कार्यालयबाट संचालन अनुमतिका लागि निवेदन दिई टाँचा दर्ता गराउनु पर्नेछ ।

(२) टाँचा दर्ताको लागि रु.२५००।- दस्तुर लाग्नेछ र प्रत्येक आर्थिक वर्षमा रु.५००।- दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

**५२. चिरान सम्बन्धी व्यवस्था:** (१) स:मिलले नियम अनुसार खरिद गरेको काठ जिल्ला वन कार्यालयमा जानकारी दिई स्टक प्रमाणित गराई सम्बन्धित सेक्टर वा इलाका वन कार्यालयको सिफारिसमा जिल्ला वन कार्यालयबाट चिरान आदेश लिनु पर्नेछ । चिरान आदेश माग गर्दा चिरान आदेश माग गरेको काठको छोडपुर्जी र अन्य स:मिलमा चिरान गर्ने भए सो स:मिलको सहमति समेत पेश गर्नु पर्नेछ । पेश हुन आएको माग निवेदन उपर जिल्ला वन अधिकृतले आवश्यक छानविन गरी चिरान आदेश दिन सक्नेछ ।

(२) फर्निचर उद्योगलाई गोलिया काठ चिरान गर्नेगरी चिरान आदेश दिईने छैन । बिधिवतरुपमा काठ प्राप्त गर्ने फर्निचर उद्योगले स:मिलबाट चिरान गर्न सक्नेछन् ।

(३) प्राप्त चिरान आदेश बमोजिम कुनै पनि स:मिलले गोलिया काठ चिरान गर्दा उत्पादन भएको चिरान काठ, स्ट्रिप, वाकल आदिको परिमाण स्पष्ट हुने गरी रजिष्टरमा अभिलेख राख्नु पर्नेछ । चिरान काठको बिक्रि वितरणको लागि सम्बन्धित ईलाका वा सेक्टर वन कार्यालयबाट उत्पादन प्रमाणित गराई जिल्ला वन कार्यालयबाट अनुमति लिई ओसारपसार गर्नु पर्नछ । तर जिल्ला भित्र विक्री वितरण गर्दा आफ्नो बिजकको आधारमा टाँचा लगाई ओसारपसार गर्न सकिनेछ ।

(४) गोलिया काठ चिरान गर्ने स:मिलले अनुसूची-२४ को ढाँचामा कारोवार गरेको काठको आम्दानी खर्चको नियमित अभिलेख राखी जिल्ला वन कार्यालयमा प्रत्येक महिना मास्केवारी पठाउनु पर्नेछ । फर्निचरको कारोवार गर्ने निकायले विक्री वितरणको विवरण जिल्ला वन कार्यालयमा चौमासिक रुपमा पठाउनु पर्नेछ ।

(५) जिल्ला वन कार्यालयबाट खटिई आउने कम्तीमा रेञ्जर स्तरको कर्मचारीलाई काष्ठ व्यवसायीले निरीक्षण कार्यमा सहयोग पुर्‍याउनु पर्नेछ र निरीक्षण सम्बन्धी विवरण प्रमाणित गराई राख्नु पर्नेछ ।

(६) स:मिले आँफूले प्राप्त गरेको चिरान आदेश बमोजिमका काठ बाहेक अन्य काठ चिरान

गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह कार्वाही हुनेछ ।

(७) सरकारी निकाय/संस्थानले गोलिया काठ आफ्नै स:मिलमा चिरान गर्नुपर्दा जिल्ला वन कार्यालयबाट चिरान आदेश लिनु पर्ने छैन । तर गोलिया काठबाट उत्पादन हुने चिरान काठको लगत जिल्ला वन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ । यसरी चिरान भएको काठ जिल्ला बाहिर ओसारपसार गर्दा जिल्ला वन कार्यालयबाट छोडपुर्जी लिई सिलबन्दी गराई ओसारपसार गर्नु पर्नेछ ।

## परिच्छेद-१४
## काठ दाउराको ओसारपसार सम्बन्धी व्यवस्था

**५३. सिलबन्दी गरेर मात्र काठ दाउरा ओसारपसार गर्नुपर्ने:** (१) वन पैदावार लोड भएको मालबाहक साधनमा सम्बन्धित जिल्ला वन कार्यालयले सिल लगाई सोको विस्तृत विवरण उल्लेख गरेर मात्र ओसारपसार गर्न दिनु पर्नेछ । तर एउटै जिल्लाभित्र ओसारपसार गर्ने काठ दाउरामा सिलबन्दी गरिरहनु पर्दैन ।

(२) गोलिया वा चिरान काठ तथा दाउरा ओसारपसारका लागि सिलबन्दी गर्नुपर्दा ओसारपसार गर्ने सवारी साधनमा राखिएको काठ दाउरामा ग्याबियन तार वा त्यस्तै बलियो अन्य धातुको तारले एक वा एकभन्दा बढी ठाउँमा सिलबन्दी गर्ने कार्य सेक्टर/इलाका वन कार्यालयका प्रमुख वा निजले खटाएको कम्तीमा रेञ्जरस्तरको कर्मचारीले सम्बन्धित खरिदकर्ता वा निजको प्रतिनिधि समेतको रोहवरमा गर्नु पर्नेछ । यसरी गरिएको सिलबन्दीको व्यहोरा तथा बाटोको रुट समेत उल्लेख गरी छोडपुर्जीको दरपीठ प्रयोजन प्रति (पहिलो प्रति) मा दरपीठ समेत गरी पठाउनु पर्नेछ ।

(३) सिलबन्दी गरी चलान भएको ढुवानी साधनको अन्तिम गन्तव्य विन्दुको वन चेकपोष्ट/कार्यालयमा मात्र निरीक्षण तथा दरपीठ गरिनेछ । कुनै जिल्लाबाट सिलबन्दी भई हिंडेको मालबाहक साधनमा भएको वन पैदावार कुनै कारणबस चेक जाँच गर्नुपर्ने अवस्था आएमा अन्तिम गन्तव्यको जिल्ला वन कार्यालयमा लगेर मात्र चेकजाँच गर्न सकिनेछ ।

(४) सिलबन्दी गरी चलान भई आएको ढुवानीको साधन गन्तव्यको अनलोड गर्ने क्षेत्रमा प्रवेश गर्नुपूर्व अन्तिम वन चेकपोष्ट/कार्यालयमा सम्बन्धित जिल्ला वन कार्यालयले खटाएको कम्तीमा रेञ्जर स्तरको कर्मचारीबाट चेकजाँच गरी छाड्नु पर्नेछ । अन्तिम चेकपोष्टबाट निरीक्षण भईसकेपछि सम्बन्धित मालधनीले नै आफ्नो अनुकुल गोदाममा लगी सिलबन्दी खोली अनलोड गर्न सक्नेछ ।

(५) अन्तिम स्थानमा निरीक्षण गर्दा यथावस्थाको सिलबन्दी भित्र अनियमितता भेटिएमा प्रथम स्थानमा सिलबन्दी गरी चलान इजाजत दिने अधिकारी र काठ दाउरा पठाउने मालधनी समेतलाई र सिलबन्दी नै नगरी वा सिलबन्दी गरेको भन्दा बढी काठ दाउरा ओसारपसार गरेमा सम्वन्धित ढुवानीकर्तालाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(६) सिल भई आएको ढुवानीको साधन बिग्रिन गई वा दुर्घटना भई वा त्यस्तै अन्य कारण परी

सिल टुट्न गएको अवस्थामा सो साधनमा रहेको काठ दाउरा सोही साधनमा वा अर्को साधनमा पुन: लोड गरी ढुवानी गराउनु पर्दा घटना घट्न गएको क्षेत्रको जिल्ला वन कार्यालयबाट पुन: इजाजत लिई सिलवन्दी गरी ढुवानी गर्नु पर्नेछ ।

(७) स:मिलमा चिरान गरी ओसारपसार गर्न ईजाजत पाएको चिरान काठ बोकेको सवारी साधनको सिल टुटेको वा अन्य कुनै कारणले शङ्का लागी पुन: नाप पैमाइस गर्नु परेमा इजाजतमा उल्लेखित नाप पैमाइसको (काठको खराव भाग बादकट्टी गरिएको) परिमाणमा ३ प्रतिशतसम्म बढी भएमा सोको राजस्व लिई छाडिनेछ । तर नाप पैमाईसमा उल्लेखित परिमाणमा ३ प्रतिशत भन्दा बढी फरक भएमा वा इजाजतमा उल्लेख भएको चिरान काठको संख्या र परिमाण फरक परेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

परिच्छेद-१५

## तालिम, सरसफाई र सुरक्षा सम्बन्धी व्यवस्था

**५४. तालिम सम्बन्धी व्यवस्था:** (१) प्लटमा छपान भएका रुखहरुको कटान, मुछान, ढुवानी, घाटगद्दी आदि कार्यमा लगाइने कामदारहरुलाई र यस्ता कामहरुको निरीक्षणमा खटिने कर्मचारीहरुलाई समेत जिल्ला वन कार्यालयको सहयोगमा आवश्यक पर्ने तालिमको प्रबन्ध सम्वन्धित निकायले नै मिलाउनु पर्नेछ । जिल्ला वन कार्यालय आफैले पनि यस्तो तालिमको व्यवस्था गर्न सक्नेछ ।

(२) कटान मुछान सम्बन्धी तालिम प्राप्त नभएको वा अनुभव नभएको व्यक्तिलाई काममा लगाउनु हुँदैन ।

(३) निरीक्षणमा खटिने कर्मचारीहरुको लागि लगिङ्ग (Logging) सम्बन्धी तालिम स्वदेश वा विदेशमा समेत दिलाउने व्यवस्था सम्बन्धित निकायले मिलाउन सक्नेछ ।

**५५. सरसफाई र सुरक्षा व्यवस्था:** (१) क्याम्पमा काम गर्ने कामदारहरु तथा कर्मचारीहरुको लागि सम्बन्धित निकायले क्याम्पको सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) कामदारहरु तथा कर्मचारीहरुको लागि पिउन योग्य पानीको व्यवस्था सम्बन्धित निकायले गर्नु पर्नेछ ।

(३) कामदारको लागि पानीको स्रोतभन्दा कम्तीमा १०० मिटर टाढा रहने गरी खाल्डे चर्पी (Pit Latrin) वनाउनु पर्नेछ । ढल निकासको व्यवस्था हुनु पर्नेछ र यस्तो निकास पानीको स्रोत रहेको क्षेत्र वा खोला नदीमा सोझै गरिनु हुँदैन ।

(४) फोहोर मैलालाई जथाभावी नफली खाडल खनी राम्ररी पुर्नु पर्दछ ।

(५) क्याम्प क्षेत्रमा पानीको राम्ररी निकासको व्यवस्था मिलाउनु पर्दछ । लामखुट्टेले फूल पार्ने गरी पानी जम्न दिनु हुँदैन ।

(६) वन जंगललाई डढेलोबाट सुरक्षित हुने गरी खाना पकाउने व्यवस्था गर्नु पर्नेछ । खाना पकाइसकेपछि पानी हाली आगो निभाउनु पर्दछ ।

(७) वनक्षेत्रमा आगो लागेमा सवै कर्मचारी र कामदारहरु मिली तुरुन्त निभाउनु पर्दछ ।

(८) सम्बन्धित निकायले प्राथमिक उपचारको सामान हरेक कामदारको समूहलाई उपलब्ध गराउनु पर्नेछ । त्यस्ता समूहको कम्तीमा एकजनालाई आधारभूत प्राथमिक उपचारको तालिम दिने व्यवस्था गर्नु पर्दछ ।

(९) सवै कामदारहरुलाई काममा लगाउने व्यक्ति वा निकायले हेलमेट, बुट, पञ्जा र सुरक्षाजन्य पोशाक आदि उपलब्ध गराउनु पर्नेछ ।

**५६. डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था:** (१) कटान क्षेत्र, अन्य वनक्षेत्र र घाटगद्दीमा समेत वन डढेलो लाग्न नदिनको लागि सम्बन्धित निकायले वन डढेलो रोकथाम र नियन्त्रणको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) आकस्मिक रुपमा वन डढेलो लागेमा यसको जानकारी यथासक्य चाँडो नजिकको प्रहरी, वन कार्यलय, नागरिक समाज र समुदायलाई गराई तुरुन्त नियन्त्रणमा लिने प्रयास गर्नु पर्दछ ।

(३) घाटगद्दीमा आगलागी भई काठ दाउराको हानि नोक्सानी भएमा दफा १३ बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद-१६
## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**५७. अनुगमन तथा मूल्याङ्कन:** (१) प्लटमा गरिने कटान मुछान कार्य, काठ दाउरा निकासी, घाटगद्दी र विक्री-वितरण व्यवस्था आदि सम्पूर्ण कार्यको शुरुदेखि नै नियमित निरीक्षण र जाँचबुझ कार्यहरु जिल्ला वन अधिकृत र सम्वन्धित निकायहरुले गर्नु पर्नेछ । उक्त कार्यमा कुनै किसिमको अनियमितता देखिएमा तुरुन्त सोको रोकथाम गरी आवश्यक सुधार समेतको व्यवस्था सम्वन्धित निकायले  गर्नुपर्दछ ।

(२) जिल्ला वन कार्यालय, समिति वा संस्थानबाट भए गरेको काठ दाउरा सङ्कलन र विक्री-वितरण कार्यको अनुगमन क्षेत्रीय वन निर्देशनालयबाट चौमासिक रुपमा, वन विभागबाट अर्ध वार्षिक रुपमा र वन तथा भू-संरक्षण मन्त्रालयबाट वार्षिक रुपमा कम्तीमा १/१ पटक अनुगमन गरी प्रतिवेदनमा पृष्ठपोषण गर्नु पर्नेछ ।

## परिच्छेद-१७
## अनुसन्धान सम्बन्धी व्यवस्था

**५८. अनुसन्धान सम्बन्धी व्यवस्था:** (१) अधिकार प्राप्त अधिकारीले सरकारद्वारा व्यवस्थित वन र संरक्षित वनको कुनै क्षेत्रलाई बीऊ उत्पादन, अनुसन्धान वा तालिम सञ्चालन क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(२) यसरी निर्धारण भएको अनुसन्धान क्षेत्रमा सम्वन्धित अनुसन्धान केन्द्रबाट स्वीकृत अनुसन्धान योजना बमोजिम निर्दिष्ट अनुसन्धानका कार्यहरु सञ्चालनको लागि मौजुदा वन

पैदावार हटाउनुपरेमा सम्वन्धित क्षेत्रीय वन निर्देशकको स्वीकृति लिई अनुसन्धानकर्ताकै लागत खर्च र जिम्मेवारीमा वन पैदावारको कटान र सङ्कलन गरी सुरक्षित राखी उपलब्ध वन पैदावारको लगत सहित जिल्ला वन कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) यसरी उपलब्ध भएको वनपैदावार जिल्ला वन अधिकृतले यसै निर्देशिका बमोजिम विक्री-वितरण गर्ने वा राजस्व लिई समिति वा संस्थानलाई हस्तान्तरण गर्न सक्नेछ ।

(४) अनुसन्धान गर्ने निकाय र योजनाले निर्दिष्ट गरेको रुख विरुवाहरु अनुसन्धान कार्य सम्पन्न नभएसम्म कटान गर्न पाइने छैन ।

(५) वन पैदावारको स्रोत, उपलब्धता, उत्पादन, व्यवस्थापन, सङ्कलन विधि, प्रशोधन र सदुपयोग पक्षमा आवश्यक सर्वेक्षण तथा अनुसन्धान कार्य समेत केन्द्रबाट गर्न सकिनेछ । अनुसन्धान गर्ने निकायबाट प्रकाशित नतिजा वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत भए पश्चात आधिकारिक दस्तावेजको रुपमा प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद-१८
## विविध

**५९. विविधः** (१) यो निर्देशिका कार्यान्वयन गर्दा कर्मचारी, कामदार वा यो निर्देशिकाले निर्दिष्ट गरेका अन्य व्यक्ति वा निकायबाट बदनियत राखी निर्देशिकाको आशय विपरीत हुने गरी कुनै काम कार्वाही गरेमा छानविन गरी कानुन बमोजिम कारवाही हुनेछ ।

(२) वन पैदावार प्रयोग गरी उत्पादन हुने कुनैपनि प्रशोधित तथा अर्ध प्रशोधित उत्पादन (जस्तै खयरबाट उत्पादन हुने कत्था र कच, खोटोबाट उत्पादन हुने रोजिन, पिलिङ्ग मिलबाट उत्पादन हुने प्लाईउड बनाउन प्रयोग हुने कच्चा पदार्थ आदि) विदेश निकासी गर्दा जिल्ला वन कार्यालयको सिफारिस लिई गर्नु पर्नेछ । साइटिस सर्टिफिकेट जारी गर्नु पर्ने प्रजातिको हकमा वन विभागबाट मात्र अनुमति प्राप्त हुनेछ ।

(३) निजी तथा राष्ट्रिय वनको काठ दाउराको कटान मुछान, घाटगद्दी, विक्री वितरण तथा निकासी सम्वन्धी मासिक विवरण जिल्ला वन कार्यालयले हरेक महिनाको ७ गते भित्र सम्वन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

(४) अन्तर्राष्ट्रिय सीमा क्षेत्र आसपासमा प्रयोग गरिने भनी उपलब्ध गराएको वन पैदावारको उपयोग तथा भण्डारणका लागि इजाजत दिएको वा अवगत भएको सम्बन्धमा अनियमित क्रियाकलाप हुन नपाउने गरी जिल्ला वन अधिकृतले विशेष अनुगमनको व्यवस्था मिलाउनुपर्नेछ ।

(५) अन्य निकायबाट काठ दाउरा सङ्कलन तथा विक्री वितरण गरिएको प्लटमा दोहोरोपन हुने गरी जिल्ला वन कार्यालयले काठ दाउराको सङ्कलन तथा विक्री वितरण कार्य गर्नु गराउनु हुँदैन । तर यसले दैवीप्रकोप तथा दाह संस्कार प्रयोजनको लागि काठ दाउरा संकलन गर्न वाधा पुऱ्याउने छैन ।

(६) स्वीकृत वन व्यवस्थापन योजना अनुसार नै जिल्ला वन अधिकृतहरुले वनको संरक्षण, सम्वर्द्धन र सदुपयोग कार्य गर्नमा विशेष जोड दिनुपर्नेछ ।

(७) यस निर्देशिका बमोजिम गठित सबै समितिलाई नियमानुसार दैनिक भत्ता, भ्रमण भत्ता र

बैठक भत्ता प्रचलित ऐन नियममा व्यवस्था भए अनुसार उपलब्ध गराईनेछ ।

(८) यस निर्देशिकामा लेखिएका कुराहरु उपर उठेका विवादहरुको व्याख्या गर्ने अधिकार वन तथा भू-संरक्षण मन्त्रालयलाई हुनेछ ।

(९) मन्त्रालय तथा विभागले यस निर्देशिका बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार मातहतका अन्य कुनै अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१०) यस निर्देशिकामा भएको सम्पूर्ण दफा पालन गर्नु गराउनु जिल्ला वन अधिकृतको कर्तव्य हुनेछ ।

६०. **खारेजी तथा बचाऊ:** (१) वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७ र वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६० खारेज गरिएको छ ।

(२) यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७ र वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६० बमोजिम गरिएको काम यसै निर्देशिका अन्तर्गत भए गरेको मानिनेछ ।

अनुसूची -१०(ख)

## जिल्लाको स्वीकृत वन व्यबस्थापन योजना बमोजिम वन क्षेत्रबाट काठ दाउरा संकलन तथा बिक्री वितरण गर्दा पालना गर्नु पर्ने समय तालिका

| सि.नं | क्रियाकलाप | क्रियाकलाप कार्यान्वयन गर्ने समय तालिका | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिना | श्रावण | भाद्र | अश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | ज्येष्ठ | आषाढ | |
| | | हप्ता | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | |
| १ | वनको निरीक्षण गरी अवस्था यकिन र प्लट निर्धारणको लागि तयारी गर्ने | | | | | | | | | | | | | | |
| २ | काठ दाउरा संकलनको लागि प्लट निर्धारण गर्ने | | | | | | | | | | | | | | |
| ३ | छपान, मूल्यांकन र निकाय निर्धारण गर्ने | | | | | | | | | | | | | | |
| ४ | काठ दाउरा संकलन र घाटगद्दीको लागि ठेक्का बन्दोबस्त गर्ने | | | | | | | | | | | | | | |
| ५ | ठेक्का स्वीकृत गरी वन पेशी दिने | | | | | | | | | | | | | | |
| ६ | कटान मुछान गरी काठ दाउरा घाटगद्दी गर्ने | | | | | | | | | | | | | | |
| ७ | घाटगद्दीको अन्तिम चेकजाँच गरी जाँचपास गर्ने | | | | | | | | | | | | | | |
| ८ | उत्पादन भएका काठ दाउराको बाँडफाँड | | | | | | | | | | | | | | |
| ९ | काठ दाउरा बिक्री वितरण गर्ने | | | आगामी आ व मा निरन्तर | | | | | | | | | | | |

# अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## छपान मूल्याङ्कन फारामको नमुना

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

**जिल्ला वन कार्यालय.............**

| | | | |
|---|---|---|---|
| क्षेत्र: | चौहद्दी: | | प्लट नं.: |
| जिल्ला: | पूर्व: | पश्चिम: | छपान रङ्ग: |
| सेक्टर: | उत्तर: | दक्षिण: | छपान रुख संख्या: |
| इलाका: | | | छपान टाँचा: |

| क्र.सं. | रुखको जात | नाप साईज | | वर्ग (क्लास) | ग्रस आयतन (क्यू.फि.) | नेट आयतन (क्यू.फि.) | | जि.पि.एस. लोकेशन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गोलाई | लम्बाई | | | काठ | दाउरा | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | जम्मा | | | | |

| मूल्याङ्कन गर्ने | जाँच गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| दर्जा: | दर्जा: | दर्जा: |
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| कार्यालय: | कार्यालय: | कार्यालय: |
| मिति: | मिति: | मिति: |

# अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## छपान तेरिजको नमुना

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग
**जिल्ला वन कार्यालय.............**

| | चौहद्दी: | | |
|---|---|---|---|
| क्षेत्र: | | | प्लट नं.: |
| जिल्ला: | पूर्व: | पश्चिम: | छपान रङ्ग: |
| सेक्टर: | उत्तर: | दक्षिण: | छपान रुख संख्या: |
| इलाका: | | | छपान टाँचा: |

| क्र.सं. | जात | क्लास | डायमिटर क्लास (से.मि.) | रुख संख्या | प्रति रुख आयतन | ग्रस आयतन | नेट आयतन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | काठ | दाउरा | |
| | | I | ३०-४० | | | | | | |
| | | I | ४०-५० | | | | | | |
| | | I | ५०-६० | | | | | | |
| | | I | ६०-७० | | | | | | |
| | | I | ७० माथि | | | | | | |
| | | II | | | | | | | |
| | | III | | | | | | | |

| तयार गर्ने: | जाँच गर्ने: | प्रमाणित गर्ने: |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| दर्जा: | दर्जा: | दर्जा: |
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| कार्यालय: | कार्यालय: | कार्यालय: |
| मिति: | मिति: | मिति: |

## अनुसूची-३ (क)

(दफा १० को उपदफा (६) सँग सम्बन्धित)

**ग्रेडिङ्ग हुने खडा तथा सिङ्गा रुख हटाउन ठेक्काद्वारा लिलाम स्विकृत भएपछि गरिने करारनामाको नमुना**

नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, जिल्ला वन कार्यालय............. र श्री फलाना व्यक्ति वा संस्था बीच खडा तथा सिङ्गा रुख हटाउने सम्बन्धमा भएको करारनामा/सम्झौता.......................................।

जिल्ला वन कार्यालय, ............. यस पछि "कार्यालय" भनिएको र श्री .................. (लिलाम कबोल गर्ने व्यक्ति/फर्म को नाम र ठेगाना) यस पछि "ठेकेदार" भनिएको बीच ..................(मिति) मा कार्यालयबाट ................ सेक्टर वन कार्यालय अन्तर्गत .................... इलाका वन कार्यालयको .................(भन्ने ठाउँमा कायम भएको निम्न प्लटको खडारुख वोलपत्रद्वारा लिलाम बढाबढको कारवाई हुँदा, प्राप्त वोलपत्रहरु मध्ये ........ले सवै भन्दा बढी कवोल गरी बोलपत्र दाखिला गरेकोमा यस कार्यालयको/वन विभागको/नेपाल सरकारको मिति ..........................को निर्णय अनुसार ...........को नाममा बिक्रि सदर भएकोले देहायको शर्तहरु एक अर्कालाई मान्य हुने गरी प्लटबाट निस्कने काठ तथा दाउरा लिन दिन मन्जुर हुँदा यो सम्झौता गरिएको छ।

तपसिल

प्लट नं. ..................
छपान रङ................
छपान टाँचा ................
छपान रुख संख्या:............

चौहद्दी:
पूर्व ............... पश्चिम................
उत्तर................ दक्षिण................

तालिका नं. १

| जात | रुख संख्या | मूल्याङ्कन काठ | | मूल्याङ्कन दाउरा | | काठ/दाउराको जम्मा न्यूनतम मूल्य | काठ/दाउराको जम्मा सकार मूल्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | | अंकमा | अक्षरमा | |
| | | | | | | | | | |

तालिका नं. २

| जात | ग्रेड | ग्रेड अनुसार काठको प्रति क्यू.फि. कबोल मूल्य | | दाउराको प्रति चट्टा कबोल मूल्य | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| | ए<br>बी<br>सी | | | | | |

शर्तहरु:

१. ठेकेदारले तालिका नं. १ मा उल्लेख भएको जम्मा मूल्य वापतको एकमुष्ट रकम करार गरेका बखत बुझाउनु पर्नेछ। रकम नबुझाएसम्म वन प्रवेश दिईने छैन ।

२. कवोल रकम बुझाएको ७ दिन भित्र कार्यालयले वन प्रवेश दिने छ। वन प्रवेश प्राप्त गरे पछि प्लटको संरक्षण गर्ने जिम्मेवारी ठेकेदारको हुने छ।

३. कार्यालयबाट वन प्रवेश प्राप्त गरेपछि तोकिएको प्लटमा गई कटानमुछान कार्यशुरु गर्न सकिने छ।

४. प्लटमा भएका लगत बमोजिमका रुखहरु कटान, मुछान र घाटगद्दी गर्ने लगायतका कार्यहरु ठेकेदारले नै गर्नु पर्नेछ र त्यस कार्यको लागि लाग्ने सम्पूर्ण खर्चहरु ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

५. प्लटको वन प्रवेश प्राप्त गरे पछि लगत बमोजिमका रुखहरु कटानमुछान गर्दा कार्यालयका प्रतिनिधिको रोहवर र निर्देशनमा बेछपान रुखलाई हानी नोक्सानी नहुने किसिमबाट कार्यसञ्चालन गर्नु पर्नेछ। रुख कटान गर्दा अन्य रुखलाई नोक्सान हुन गएमा नोक्सानीको क्षतिपूर्ति ठेकेदारले व्यहोर्नु पर्नेछ।

६. रुख कटान, मुछान, ढुवानी र घाटगद्दी गर्दा वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३ को परिच्छेद २, ३, ४ अनुसार गर्नु पर्नेछ।

७. कटान भएका काठ दाउराको घाटगद्दी कार्यालयले तोकेको स्थानमा गर्नु पर्नेछ। यस्तो काठ तथा दाउरा घाटगद्दीमा आउनासाथ सवैको घाटगद्दी रजिष्टर तयार गर्नु पर्नेछ।

८. ठेकेदारले काम शुरु गरेपछि प्रत्येक १५।१५ दिनमा कामको प्रगति इलाका/सेक्टर वन कार्यालय मार्फत जिल्ला वन

कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. घाटगद्दीमा आएको काठ तथा दाउरा जिल्ला वन कार्यालयले खटाएको कम्तीमा रेन्जरस्तरको वन प्राविधिकबाट ग्रेडिङ्ग गराई तालिका नं. १ मा उल्लेख भएको रकमले खामेजति तालिका नं. २ अनुसारको काठ/दाउरा ठेकेदारले जिल्ला वन कार्यालयबाट विमार्का गराई छोडपुर्जी बनाई लैजान सक्ने छ । यसरी छोडपुर्जी दिंदा सूचनामा प्रकाशित परिमाण तथा मूल्य भन्दा १० प्रतिशत सम्म बढी भएमा कबोल अङ्कमा नै र सो भन्दा बढी निस्केमा जति बढी हुन्छ त्यसको थप राजस्व कबोल गरेको प्रति ईकाई दरअनुसार बुझाउनु पर्नेछ । तर मूल्याङ्कन भन्दा कम काठ तथा दाउरा उत्पादन भए पनि कबोल गरिए अनुसार दाखिला गरेको रकम फिर्ता हुने छैन ।

१०. कटान गरी निस्केको काठ तथा दाउराको सुरक्षा प्लट अथवा घाटगद्दीको सुरक्षा ठेकेदारले नै गर्नु पर्नेछ र कुनै कारणबाट हानी नोक्सानी भएमा त्यस्को पूर्ण जिम्मेवारी ठेकेदार नै हुने छ ।

११. वन प्रवेश पाए पछि ठेकेदारले तोकिएको समय भित्र कटान, मुछान र घाटगद्दी गर्ने कार्यसमाप्त गर्नु पर्नेछ । मनासिब माफिकको कारण भएमा मात्र वन पैदावार सङ्कलन तथा बिक्रि वितरण निर्देशिका, २०७३ को दफा १४ को अधिनमा रही म्याद थप गर्न सकिने छ । त्यस्तै समयमा घाटगद्दीबाट तोकिएको समयमा काठ तथा दाउरा उठाइ लैजान नसकेमा दफा ४९ अनुसार म्याद थप गर्न सकिनेछ ।

१२. उक्त प्लटबाट निस्कने काठ तथा दाउराको राजस्व बाहेक नियमानुसार लाग्ने अन्य सबै करहरु ठेकेदारले नै आफ्नो तर्फबाट बुझाउनुपर्नेछ ।

१३. कटानमुछान र घाटगद्दीमा ढुवानी कार्यभई सके पछि प्लटको फाइनल जाँच गरिने छ । हानी नोक्सानी नभेटिएमा र ठेकेदारले बुझाउनु पर्ने सबै किसिमको राजस्व बुझाई सकेपछि मात्र निजले राखेको धरौटी फिर्ता गरिने छ ।

१४. यस सम्झौतामा उल्लेख भएका विषयहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने छ ।

१५ यस सम्झौतामा उल्लेखित कुनै विषयमा विवाद परेमा वन विभागको निर्णय अन्तिम हुने छ ।

१६. यो सम्झौता दुवै पक्षले दस्तखत गरी कार्यालयले वन प्रवेश दिएको मिति देखि त्यसमा तोकिएको मिति सम्म लागू हुनेछ र समयमा कार्यसम्पन्न नभई म्याद थप भएमा थप भएको समयसम्म कायम रहेको मानिने छ ।

यस सम्झौता बमोजिम उल्लिखित शर्तहरुको पालना गर्ने गरी आज मिति ........................मा कार्यालय र ठेकेदार तर्फबाट तल लेखिएका साक्षीहरुको रोहवरमा दस्तखत गरी एक एक प्रति बुझि लियौं दियौं ।

| <u>ठेकेदारको तर्फबाट</u> | <u>कार्यालयको तर्फबाट</u> |
|---|---|
| नाम | नाम |
| दस्तखत | दस्तखत |
| पद | पद |
| मिति | मिति |
| | |
| **<u>साक्षी रोहवर</u>** | **<u>साक्षी</u>** |
| नाम | नाम |
| दस्तखत | दस्तखत |
| पद | पद |
| मिति | मिति |

## अनुसूची-३ (ख)

(दफा १० को उपदफा (६) सँग सम्बन्धित)

**ग्रेडिङ्ग नहुने खडा तथा सिङ्गा रुख हटाउन ठेक्काद्वारा लिलाम स्विकृत भएपछि गरिने करारनामाको नमुना**

नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, जिल्ला वन कार्यालय............. र श्री फलाना व्यक्ति वा संस्था बीच खडा तथा सिङ्गा रुख हटाउने सम्बन्धमा भएको करारनामा/सम्झौता.......................................।

जिल्ला वन कार्यालय, ............. यस पछि "कार्यालय" भनिएको र श्री ................. (लिलाम कबोल गर्ने व्यक्ति/फर्म को नाम र ठेगाना) यस पछि "ठेकेदार" भनिएको बीच .................(मिति) मा कार्यालयबाट ............... सेक्टर वन कार्यालय अन्तर्गत .................. इलाका वन कार्यालयको ...............(भन्ने ठाउँमा कायम भएको निम्न प्लटको खडारुख बोलपत्रद्वारा लिलाम बढाबढको कारवाई हुँदा, प्राप्त बोलपत्रहरु मध्ये ........ले सबै भन्दा बढी कबोल गरी बोलपत्र दाखिला गरेकोमा यस कार्यालयको/वन विभागको/नेपाल सरकारको मिति .........................को निर्णय अनुसार ..........को नाममा बिक्रि सदर भएकोले देहायको शर्तहरु एक अर्कालाई मान्य हुने गरी प्लटबाट निस्कने काठ तथा दाउरा लिन दिन मन्जुर हुँदा यो सम्झौता गरिएको छ।

तपसिल

प्लट नं. .................

छपान रङ...............

छपान टाँचा ...............

चौहद्दी...............

पूर्व ............... पश्चिम...............

उत्तर............... दक्षिण...............

| जात | रुख संख्या | मूल्याङ्कन काठ | | मूल्याङ्कन दाउरा | | जम्मा मूल्य | सकार रकम (अंकमा) | सकार रकम (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | |
| | | | | | | | | | |

शर्तहरु:

१. ठेकेदारले कबोल गरेको पुरै रकम एक मुष्ट करार गरेका बखत बुझाउनु पर्नेछ। रकम नबुझाएसम्म वन प्रवेश दिईने छैन ।

२. कबोल रकम बुझाएका ७ दिन भित्र कार्यालयले अनिवार्य रुपमा वन प्रवेश दिने छ। वन प्रवेश प्राप्त गरे पछि प्लटको संरक्षण गर्ने जिम्मेवारी ठेकेदारको हुने छ।

३. कार्यालयबाट वन प्रवेश प्राप्त गरेपछि तोकिएको प्लटमा गई कटानमुछान कार्यशुरु गर्न सकिने छ।

४. प्लटमा भएका लगत बमोजिमका रुखहरु कटान, मुछान र घाटगद्दी गर्ने लगायतका कार्यहरु ठेकेदारले नै गर्नु पर्नेछ र त्यस कार्यको लागि लाग्ने सम्पूर्ण खर्चहरु ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

